काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
सिमरा सेजका सात उद्योगको उत्पादन बजारमा

**विचार**
युवा पुस्ताका महिला र पुरुष दुवैले आफ्नो जीवनमा समानताको अभ्यास गर्न आवश्यक छ।



**रिहाना र नङ्सलको टोली अन्तिम आठमा**

एपिएफकी रिहाना शेरचन र सिटिजन बैंककी नङ्सल तामाङको जोडी १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको अन्तिम आठमा पुगेको छ।

वर्ष १८, अंक ९८, पृष्ठ ८, शुक्रबार, २९ साउन २०८३, श्रावण शुक्लपक्ष द्वितीया, Friday, 14 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# साढे ५ महिनापछि फर्किए देउवा

## विमानस्थलबाट सिधै चुनदेवी सम्पर्क कार्यालयमा

**भुवन शर्मा**

*काठमाडौं, साउन २८*

करिब साढे पाँच महिना विदेश बसाइपछि बिहीबार स्वदेश फर्किएका नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा विमानस्थलबाट सिधै आफ्नो पक्षको सम्पर्क कार्यालय चुनदेवी पुगेका छन्। देउवा फर्किएसँगै नेपाली कांग्रेसभित्रको विवाद थप तरंगित भएको छ।





नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा बिहीबार स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट चुनदेवीतर्फ जाने क्रममा कार्यकर्ताका साथ। *तस्बिर : द्वारिका काफ्ले/नागरिक*

दिउँसो साढे १२ बजेतिर थाई एयरको बिमानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएका देउवालाई स्वागत गर्न नेपाली कांग्रेस संस्थापन इतर पक्षका नेता तथा कार्यकर्ता विमानस्थल क्षेत्र पुगेका थिए। देउवालाई विमानस्थलमा बाजागाजा र सांस्कृतिक झाँकीसहित स्वागत गरियो। उनको स्वागतमा विमानस्थलअगाडि सुदूरपश्चिम प्रदेशका कांग्रेस कार्यकर्ताले झाँकी प्रदर्शन गरेका थिए। देउवालाई स्वागत गर्न ठुलो तामझाम गरिएको थियो। देउवा नेता-कार्यकर्ता र शुभेच्छुकसँगै इतर पक्षको सम्पर्क कार्यालय चुनदेवी पुगेका थिए।

संस्थापन इतर पक्षका नेता-कार्यकर्ता देउवालाई स्वागत गर्न विमानस्थल प्रवेश गर्ने गोल्डेन गेटअगाडि, नमस्ते गेटअगाडि र तिलगंगा आँखा अस्पतालअगाडिको खाली ठाउँमा भेला भएका थिए। देउवालाई स्वागत गर्न सुदूरपश्चिम प्रदेशबाट इतर पक्षका कार्यकर्ता दुई वटा बस रिजर्भ गरेर बुधबार दिन काठमाडौं आएका थिए। केही कार्यकर्ता भने जहाजबाटै काठमाडौं आएका थिए।

विमानस्थलबाट सनरुफ गाडीमा हात हल्लाउँदै चुनदेवी पुगेका देउवाले त्यहाँ उपस्थित नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै वर्तमान सरकारप्रति कडा टिप्पणी गरे। देउवाले आफूलाई राजा ज्ञानेन्द्रले समेत अप्ठेरोमा पार्न नसकेको भन्दै 'यिनीहरूले के सक्छन् ?' भने। सरकारप्रति आक्रामक देखिएका देउवा अदालतप्रति भने नरम सुनिए। उनले सम्पत्ति शुद्धीकरणलगायत विषय उठाएर सरकारले आफूलाई दुःख दिन खोजेको बताए। उनले आफूमा बदलाको भावना भने नभएको बताए।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा सांघातिक आक्रमणमा परी घाइते भएका देउवा फागुन १३ गते उपचार गर्न सिंगापुर एयरलाइन्सको उडानबाट सिंगापुर पुगेका थिए। चैत ७ गते उनी थप उपचार गर्न भन्दै सिंगापुरबाट हङकङ पुगेका थिए।

स्वदेश फर्केपछि देउवाले एउट अपिल पनि जारी गरेका छन्। अपिलमा उनले 'शक्ति प्राप्त गर्न होइन, राष्ट्रिय एकता सुदृढ गर्न आफू फर्किएको' उल्लेख गरेका छन्। उनले प्रतिशोधको बाटो नभई मेलमिलापको मार्ग रोज्नुपर्नेमा जोड दिँदै राष्ट्रिय एकताका लागि सर्वपक्षीय सहकार्य आवश्यक रहेको बताएका छन्।

चुनदेवीस्थित इतर पक्षको सम्पर्क कार्यालयमा पार्टी सभापतिकै हैसियतमा देउवाको छुट्टै नेम प्लेट राखिएको छ। सम्पर्क कार्यालयमा 'सभापति शेरबहादुर देउवा' लेखिएको नेमप्लेट र बोर्ड टाँसिएको छ। इतर पक्षले विशेष महाधिवेशनबाट सभापति भएका गगन थापाको नेतृत्व अस्वीकार गर्दै देउवा नै सभापाति रहेको दाबी गर्दै आएको छ।

निर्वाचन आयोग र सर्वोच्च अदालतले गगन थापाको नेतृत्वलाई मान्यता दिएपछि देउवा पक्षले निर्णयमा पुनरवलोकन गर्न दिएको निवेदनलाई सर्वोच्चले निस्सा दिएको छ। इतर पक्षले शुक्रबारदेखि काठमाडौंमा भेला बेलाएको छ। भेलालाई देउवाले सम्बोधन गर्ने कार्यक्रम छ।

**देउवालाई अभिभावकीय भूमिका निर्वाह गर्न सानेपाबाट अपिल**

नेपाली कांग्रेसले पार्टीमा विवाद बढेका बेला पूर्वसभापति शेरबहादुर देउवाले अभिभावकीय भूमिका निर्वाह गर्ने विश्वास लिएको छ। नेपाली कांग्रेस केन्द्रीय समितिको बिहीबार बसेको बैठकपछि प्रवक्ता देवराज चालिसेले जारी गरेको विज्ञप्तिमा यस्तो विश्वास व्यक्त गरिएको छ। *बाँकी पृष्ठ २*

# मंसिरमा होला दसौं राष्ट्रिय खेलकुद ?

**अनिल मल्ल ठकुरी**

*काठमाडौं, साउन २८*

कर्णाली प्रदेशमा २०८१ सालमै हुनुपर्ने दसौं राष्ट्रिय खेलकुदको फेरि नयाँ मिति तोकिएपछि खेलाडी र प्रशिक्षकमा आशा पलाएको छ। सिंहदरबारस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बिहीबार बसेको १२५औं बोर्ड बैठकले दसौं राष्ट्रिय खेलकुद आगामी मंसिर १६ देखि २९ गतेसम्म आयोजना गर्ने निर्णय गरेको छ। यससँगै लामो समयदेखि अन्योलमा रहँदै आएको दसौं राष्ट्रिय खेलकुदले पाँचौं पटक नयाँ मिति पाएको हो।

२०७९ कात्तिक २ गते पोखरामा बसेको राखेपको ११५औं बोर्ड बैठकले दसौं खेलकुद २०८१ मंसिर २ देखि ९ गतेसम्म आयोजना गर्ने निर्णय गरेको थियो। दुई वर्षमा हुने प्रावधानअनुरूप यो निर्णय भएको थियो। तर ढिलासुस्ती, राजनीतिक स्वार्थ तथा केन्द्र र प्रदेश सरकारबिचको समन्वयन अभावका कारण त्यो मितिमा हुन सकेन। त्यसैले पटकपटक मिति तय हुँदै जाँदा अहिलेसम्म चार पटक मिति गुज्रिसकेको छ।

दसौं राष्ट्रिय खेलकुदका लागि बिहीबार तय भएको मितिमा पनि आयोजना हुन्छ नै भन्नेमा खेलाडी भने विश्वस्त देखिन्नन्। किनकि यसअघि पनि विभिन्न बहाना लामो इतिहास बोकेको राष्ट्रिय खेलकुद प्रभावित हुँदै आएको छ। आयोजनाअगावै बजेट विनियोजना र रंगशाला तयार हुँदा पनि प्रतियोगिता सञ्चालन हुन नसकेको घटनाले यस पटक तोकिएको मिति आयोजना सम्पन्न होला त भन्ने प्रश्न कायमै छ। यद्यपि यसपटक स्वयं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जसरी पनि दसौं खेलकुद आयोजना गर्ने दाबी पटकपटक गर्दै आएका छन्। त्यहीअनुरूप बैठकमा निर्णय हुँदा केही मात्रामा भए पनि खेलाडी आशावादी छन्। नेपाली राष्ट्रिय कराते टोलीका काता प्रशिक्षक मण्डेकाजी श्रेष्ठले पनि मन्त्रीले आफूहरूसँगको भेटमा राष्ट्रिय खेलकुद कुनै पनि हालतमा आयोजना गर्ने वचन दिएकाले यसपल्ट नसर्नेमा आशावादी रहेको बताए।



१०औं राष्ट्रिय खेलकुद हुने वीरेन्द्रनगरस्थित कर्णाली प्रादेशिक रंगशाला। *तस्बिर : गोविन्द केसी/नागरिक*

दसौं खेलकुदको मिति पुनः तोकिएसँगै कर्णालीमा खेलकुदको सबैभन्दा ठुलो राष्ट्रिय प्रतियोगिता आयोजना हुने आशा फेरि जागेको छ। तर मिति तोकिनुले मात्र प्रतियोगिता आयोजनाको सुनिश्चितता भने हुने छैन। केन्द्र र प्रदेशबिच राम्रो समन्वयन हुनु अत्यावश्यक छ, जुन विगतले देखाइसकेको छ। दसौं राष्ट्रिय खेलकुदको मुख्य आयोजक संघीय सरकार हो। कर्णाली प्रदेश सरकार सहआयोजकको भूमिकामा छ। संघीय सरकार र प्रदेश सरकारबिच प्रभावकारी समन्वय नहुँदा पनि दसौं राष्ट्रिय खेलकुदको आयोजना प्रभावित हुँदै आएको छ।

> **पाँचौं पटक तोकियो मिति, खेलाडी-प्रशिक्षक आशावादी, प्रतियोगिता हुने आशंका कायमै**

कर्णाली प्रदेश खेलकुद परिषद्का सदस्य सचिव रवीन्द्र चन्दले यसपल्ट दसौं खेलकुद कुनै पनि हालतमा हुने र आफूले समन्वयनकारी (केन्द्र र प्रदेश सरकारबिच) भूमिका खेल्ने दाबी गरे। 'पाँच पल्ट मिति तोकिसकिएको छ तर म आएपछि पहिलोपल्ट मिति तय भएको हो। यसपल्ट हुनेमा आशावादी छु,' चन्दले भने, 'केन्द्र र प्रदेशबिच राम्रो समन्वयन गरेर आयोजना गर्न भूमिका खेल्छु। म आफैं पूर्वखेलाडी हुँ। त्यसैले राष्ट्रिय खेलकुद नहुँदा कति पीडा हुन्छ भन्ने राम्रोसँग बुझेको छु।'

दसौं राष्ट्रिय खेलकुदको मुख्य आयोजनास्थल कर्णाली प्रदेश रंगशाला पनि पूर्ण तयार भइसकेको छ। करिब एक अर्ब ५९ करोड रुपैयाँ लागतमा निर्माण भइरहेको रंगशालाको अधिकांश काम सम्पन्न भएका छन्। यसमा दुई करोड बराबरको रकम तिर्न बाँकी छ। साथै ठेकेदार कम्पनीले प्रदेश सरकारलाई हस्तान्तरण गर्न बाँकी छ। 'आयोजनास्थल कर्णाली रंगशाला हामीलाई हस्तान्तरण गर्न मात्र बाँकी छ। तयारीका लागि विनियोजन भएको बजेट अपर्याप्त हुन सक्छ। त्यसमा पनि प्रदेश सरकारले आवश्यक बजेट दिने छ भन्नेमा विश्वस्त छु,' सदस्य सचिव चन्दले भने।

विगतमा मिति घोषणा भए पनि त्यसअनुसार कार्ययोजना नबनाइएको भन्दै कर्णाली प्रदेश सरकारले संघप्रति असन्तुष्टि जनाउँदै आएको थियो। तत्कालीन मुख्यमन्त्री यामलाल कँडेलले पटकपटक मिति घोषणा गर्ने तर खेल सञ्चालनका लागि आवश्यक कार्ययोजना र तयारी अघि नबढाउने प्रवृत्तिप्रति प्रश्न उठाएका थिए। *बाँकी पृष्ठ २*

# सञ्चारमाध्यममाथि दबाब बढाउँदै सरकार




काठमाडौं, साउन २८ (नागरिक)- प्रहरीले जनआस्था साप्ताहिकका प्रकाशक एवं सम्पादक किशोर श्रेष्ठलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको छ। प्रहरीले श्रेष्ठलाई नागरिकको वैयक्तिक गोपनीयता उल्लंघन गरेको कसुरको अनुसन्धानका सिलसिलामा पक्राउ गरेको हो। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एवं एसएसपी दिलीप घिमिरेका अनुसार सप्तरी-३ का सांसद अमरकान्त चौधरीको उजुरीका आधारमा उनी पक्राउ परेका हुन्।

श्रेष्ठले सञ्चार माध्यमसम्बन्धी कानुन र आचारसंहिताको आधारभूत मूल्यमान्यताको समेत पालना नगरेको सञ्चारसँग सम्बद्ध विभिन्न संघसंस्थाको आरोप छ। त्योभन्दा गम्भीर विषय श्रेष्ठ प्रकाशक एवं सम्पादक रहेको जनआस्था साप्ताहिकको कार्यालय र उनको घरमा प्रहरीले छापा मारेर कम्प्युटरलगायत सञ्चार उपकरणहरू नियन्त्रणमा लिएको छ। यसले संविधानप्रदत गोपनीयताको हक मात्र उल्लंघन भएको छैन, सञ्चारमाध्यम र सञ्चारकर्मीले स्रोतको सुरक्षा गर्ने अधिकारको पनि हनन गरेको छ।

सञ्चारमाध्यममाथि अनुदार रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको वर्तमान सरकार श्रेष्ठलाई देखाएर सिंगो नेपाली सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि थप दबाब बढाउने रणनीतिमा रहेको विश्लेषण गर्न थालिएको छ। पत्रकारले जे पनि लेख्न पाउनुपर्छ भन्ने नभएको जनाउँदै यस क्षेत्रका एक जानकारले भने, 'तर सञ्चार क्षेत्रलाई कमजोर गर्ने र दबाबमा पार्ने सरकारी रणनीति भएको देखिन्छ।'

ती जानकार कुनै पनि सञ्चारगृहलाई जथाभाबी समाचार प्रकाशन तथा प्रसारण गर्ने अधिकार भने नभएको बताउँछन्। *बाँकी पृष्ठ ३*

**पृष्ठ ३**

**पत्रकार किशोर श्रेष्ठ तीन दिन हिरासतमा**

# सुपमा नयाँ सरकार बन्दै

धनगढी, साउन २८ (नागरिक)- सुदूरपश्चिम प्रदेश (सुप) का मुख्यमन्त्री कमलबहादुर शाहले बिहीबार दिएको राजीनामा प्रदेश प्रमुख नजिर मियाँले स्वीकृत गरेका छन्। प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै राजीनामा घोषणा गरेका शाहले त्यसपछि प्रदेश प्रमुखसमक्ष पत्र बुझाएका थिए। एमालेले दिएको समर्थन असार ३१ मा फिर्ता लिएपछि शाह नेतृत्वको सरकार अल्पमतमा परेको थियो। उनी कांग्रेसबाट मुख्यमन्त्री भएका थिए। नयाँ सरकारका लागि शुक्रबार ११ बजेसम्म दाबी गर्न दलहरूलाई आह्वान गरिएको छ। शाहको राजीनामापछि सुपका पाँचौं मुख्यमन्त्री नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सुदूर प्रदेशसभा संसदीय दलका नेता खगराज भट्ट बन्ने सम्भावना छ। यो प्रदेशमा कांग्रेस-एमाले गठबन्धन टुटेपछि एमाले-नेकपा गठबन्धन बनेको छ।

# रोल्पा पहिरोमा १० जनाको मृत्यु

**दिनेश सुवेदी**

*रोल्पा, साउन २८*

रोल्पाको थबाङ गाउँपालिका-५ कोटलबारामा अविरल वर्षापछिको पहिरोमा परी मृत्यु हुनेको संख्या १० पुगेको छ। पहिरो क्षेत्रमा मृत्यु हुनेमा १८ वर्षीया शान्ति पुन मगर, ६० वर्षीय कमलबहादुर पुन मगर, ८० वर्षीया मनरखी पुन मगर, ७५ वर्षीय डलबहादुर पुन मगर र ८५ वर्षीया हस्तकला रोका मगर छन्। त्यस्तै पहिरोले बगाएका पाँच जनाको शव रोल्पा सुलिचौरनजिक लाम्पा खोला र प्युठानको माडी नदी क्षेत्रमा फेला परेका छन्। पाँच शवमध्ये ३८ वर्षीया जुनकुमारी पुन, नौ वर्षीय असिम पुन र पाँच वर्षीय अशोक पुनको पहिचान भएको छ।



रोल्पाका प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्रीले पहिरोमा ज्यान गुमाउनेको संख्या १० पुगेको बताए। पहिरोमा परी गम्भीर घाइते भएका थबाङ गाउँपालिका-५ का २२ वर्षीय हमाल पुन मगर, २५ वर्षीय सञ्जय घर्ती मगरलाई थप उपचारका लागि प्रादेशिक अस्पताल बुटवल रिफर गरिएको रोल्पा प्रहरीले जनाएको छ। रोल्पा प्रहरीका अनुसार पहिरोले नौ वटा घर, एक घुम्ती पसल, दुईवटा गोठ र एउटा चर्च पुरेको छ।

रोल्पाका प्रजि अधिकारी क्षेत्रीले घटनास्थलमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय उद्धार तथा खोजीमा खटिएको बताए। पहिरो बुधबार राति गएको हो। पहिरोको खबर पाएपछि इलाका प्रहरी कार्यालय उवाबाट परिचालन भएका प्रहरी र स्थानीय रातिदेखि उद्धारमा खटिएका थिए। *बाँकी पृष्ठ २*

# प्रचण्ड गर्मीले जमिनभित्रै 'उसिनिए' आलु

**नागरिक संवाददाता**

*काठमाडौं, साउन २८*

दक्षिण कोरियाको राजधानी सिओलबाट १३० किलोमिटर उत्तरपूर्वमा पर्ने याङ्गु काउन्टीका किसान ली साङ हयुकले आलु निकाल्न खेत खने। तर बचाउन लायक एउटा पनि आलु भेटिएन। एक साता अघिसम्म गाङ्वोन प्रान्तमा रहेको उनको खेतको अवस्था सामान्य देखिन्थ्यो। एक सातापछि खन्दा आलु कुहिन थालेका थिए। आलु उसिनिएका थिए। अत्यधिक गर्मीले जमिन नै भट्टीजस्तो बनेपछि आलु कुहिएका हुन्। 'यो एक-दुई वटा खेतको मात्र अवस्था होइन। म यसलाई शब्दमा कसरी व्यक्त गरूँ ? निकै दुःख लागेको छ,' उनले स्थानीय प्रसारक संस्था एसबिएससँग भने।

उनको नष्ट भएको बाली पूर्वी एसियामा यस पटकको गमीको चरम उदाहरण मात्र हो। पछिल्ला केही सातामा दक्षिण कोरिया, जापान र हङकङमा कीर्तिमान तोड्ने गर्मी छ। अगस्ट २ मा दक्षिणपूर्वी सहर याङ्सानमा तापक्रम ४२.५ डिग्री सेल्सियस पुग्यो। आधुनिक मौसम मापन सुरु भएयता सन् १९०४ पछि दक्षिण कोरियामा रेकर्ड गरिएको यो सबैभन्दा उच्च तापक्रम हो।



दक्षिण कोरियाको मिरर्याङमा प्रचण्ड गर्मीका कारण सुकेको पोखरी। *तस्बिर : गेटी इमेजज*

## एसियामा कीर्तिमानी गर्मी

कोरियाको रोग नियन्त्रण निकायका अनुसार गर्मीका कारण हालसम्म कम्तीमा ३१ जनाको मृत्यु भइसकेको छ। त्यस्तै नौ लाखभन्दा बढी पशुधन र १४ लाख माछा मरेका छन्। अधिकारीहरूले गर्मीसम्बन्धी चेतावनी जारी गर्दै मानिसलाई तत्काल सबै बाह्य गतिविधि रोक्न आग्रह गरेका छन्। दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले मन्त्रिपरिषद्लाई सम्बोधन गर्दै यस्तो मौसम 'यसअघि अनुभव नगरेको' बताएका छन्। *बाँकी पृष्ठ २*

# मंसिरमा होला ...

पृष्ठ १ बाट

उनले रंगशालाका कारण खेल प्रभावित नहुने प्रतिबद्धता जनाउँदै खेल सञ्चालनको स्पष्ट तालिका सार्वजनिक गर्न संघीय सरकारसँग मागसमेत गरेका थिए तर अहिले कँडेलको सरकार छैन। त्यसैले केन्द्र र प्रदेशबिच नयाँ तालमेल बन्न सक्छ। यद्यपि पछिल्ला घटनाले खेलकर्मीमा शंका भने कायमै छ। किनकि पछिल्ला वर्षहरूमा दसौं राष्ट्रिय खेलकुदको नियति नै मिति घोषणा गर्ने र अन्तिम समयमा स्थगित गर्ने परिपाटी छ।

चार पटकसम्म मिति तोकिएर पनि प्रतियोगिता हुन नसक्दा खेलाडी, प्रशिक्षक, खेल संघमा निराशा बढ्दै गएको छ। यस पटकको मिति पनि व्यवहारमा कार्यान्वयन गर्न सकिएन भने राष्ट्रिय खेलकुदको आयोजना प्रक्रियामाथि नै गम्भीर प्रश्न उठ्ने छ। २०३८ सालदेखि सुरु भएको राष्ट्रिय खेलकुद नेपाली खेलकुद विकासको मेरुदण्ड नै मानिन्छ। त्यसैले हरेक दुई वर्षमा यसको आयोजना गर्ने प्रावधान छ। तर खेलकुदका निकायमा आउने व्यक्तिहरू जिम्मेवारी नबन्दा मर्मअनुरूप हुन सकेका छैन। आवश्यक तयारी नपुगेको, खेल सामग्री खरिद हुन नसकेको तथा बजेट व्यवस्थापनमा समस्या देखिएको भन्दै प्रतियोगिता स्थगित गर्ने परिपाटी छन्।

यसअघि राष्ट्रिय खेलकुद समयमा नहुनुको कारण अर्थ मन्त्रालयले रोक्का राखेको बजेट समयमा फुकुवा नगर्नु र माघ ३ गतेदेखि प्रतिनिधिसभा सदस्य निर्वाचन पनि हो। निर्वाचनपछि फागुन २१ गते नयाँ सरकार बने पनि दसौं राष्ट्रिय खेलकुदको नयाँ मिति तोकिएको थिएन। २०७९ कात्तिक ३ गते पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएपछि दसौं राष्ट्रिय खेलकुद आयोजना गर्ने जिम्मेवारी कर्णाली प्रदेशले पाएको थियो। नवौंको समापनमै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले कर्णाली प्रदेशलाई २०८१ मंसिरमा दसौं राष्ट्रिय खेलकुद आयोजना गर्ने गरी राष्ट्रिय खेलकुदको झन्डा हस्तान्तरण गरेका थिए।

त्यसअनुसार दसौं खेलकुद २०८१ सालमै हुनुपर्ने थियो तर तयारी, पूर्वाधार, बजेट, मौसम र प्रशासनिक प्रक्रियालगायत विभिन्न कारण देखाउँदै प्रतियोगिताको मिति पटकपटक सारिँदै आएको छ। अहिले फेरि २०८३ मंसिर १६ देखि २९ गतेसम्म प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरिएको छ। तर राजनीतिक अस्थिरता, सरकार परिवर्तन, बजेटको समस्या, पूर्वाधार निर्माणमा ढिलाइ र प्रशासनिक अस्थिरताका कारण प्रतियोगिता पटकपटक प्रभावित हुँदै आएको छ। अब देशको शक्तिशाली सरकार भनिएकाले के गर्ला भन्ने हेर्न बाँकी नै छ।

**कुनकुन मितिमा सरे ?**

२०७९ कात्तिक २ गते पोखरामा बसेको राखेपको बोर्ड बैठकले दसौं राष्ट्रिय खेलकुद पहिलोपटक २०८१ मंसिर २ देखि ९ गतेसम्म आयोजना गर्ने निर्णय गरेको थियो। यो मितिमा नभएपछि अर्को समय तय गरियो। २०८१ मंसिर १४ गते काठमाडौंमा बसेको राखेपको ११८औं बोर्ड बैठकले दोस्रोपल्ट मिति तय गर्‍यो। २०८१ चैत २३ देखि ३० गतेसम्म आयोजना गर्ने अर्को निर्णय भयो। २०८१ फागुन १५ गते काठमाडौंमा बसेको राखेपको १२१औं बोर्ड बैठकले राष्ट्रिय खेलकुद तेस्रो पटक मिति तय गर्‍यो। नयाँ मिति २०८२ जेठ ३ देखि १० गतेसम्म आयोजना गर्ने थियो। २०८२ चैत २९ गते काठमाडौंमा बसेको राखेपको १२२ औं बोर्ड बैठकले दसौं राष्ट्रिय खेलकुद स्थगित गरेको थियो। तत्कालीन युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको अध्यक्षतामा २०८२ कात्तिक १९ गते राखेप बैठक बस्यो। यसपल्ट राष्ट्रिय खेलकुद परिषद्को १२४औं बोर्ड बैठकले राष्ट्रिय खेलकुद फागुन १ देखि ७ गतेसम्म गर्ने अर्को निर्णय गर्‍यो।

# जमिनभित्रै 'उसिनिए' आलु



दक्षिण कोरियाको मिरर्याङमा गर्मी छल्न छाता ओढेर स्ट्राबेरी टिप्दै किसान। *तस्बिर : इपिए*

पृष्ठ १ बाट

'यो चरम मौसम नयाँ सामान्य अवस्था बन्दै गएकाले राष्ट्रिय संकट व्यवस्थापन प्रणालीको आधारभूत पुनर्संरचना गर्न हामीले प्रयास गर्नुपर्छ,' उनले भनेका छन्।

**जापानमा 'क्रूरतापूर्ण तातो'**

दक्षिण कोरियाको छिमेकी मुलुक जापानमा पनि तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ। यसलाई जापानमा पहिलोपटक 'कोकुसोबी' अर्थात् 'क्रूरतापूर्ण तातो दिन' भनिएको छ। ४० डिग्री सेल्सियसभन्दा माथिको तापक्रमलाई जनाउन जापानको मौसम निकायले यसै वर्ष यस्तो नयाँ परिभाषा गरेको हो।

टोकियोको एउटा चिडियाखानामा तीनवटा सिंहको 'हिटस्ट्रोक' बाट मृत्यु भएको आशंका गरिएको छ। वैज्ञानिकका अनुसार यो चरम अवस्था कुनै एक देशमा सीमित घटना होइन, बरु ठुलो क्षेत्रीय प्रवृत्तिको हिस्सा हो। जापानको वेदर एट्रिब्युसन सेन्टरअन्तर्गत काम गर्ने अनुसन्धानकर्ताले जापानमा जुलाईमा भएको तीव्र गर्मी विश्वव्यापी तापक्रम वृद्धिकै शृंखला भएको बताएका छन्। यति ठुलो स्तरको गर्मीको लहर औसतमा १० हजार वर्षमा एकपटक मात्र आउने उनीहरूको आकलन छ। जापानमा यो गर्मी एल निनो सक्रिय भएकै बेला बढेको हो। एल निनो प्राकृतिक जलवायु प्रणाली हो।

हङकङमा पनि रेकर्ड

हङकङको मौसम पर्यवेक्षण केन्द्रले हालै ३६.९ डिग्री सेल्सियस तापक्रम रेकर्ड गरेको छ। हङकङमा सन् १८८४ देखि अभिलेख राख्न थालिएयता मापन गरिएको यो सबैभन्दा उच्च तापक्रम हो। टाइफुन डल्फिनको बाहिरी वायुक्षेत्रले तातो हावा सहरतर्फ ल्याइरहेका बेला यो तापक्रम रेकर्ड गरिएको थियो। हङकङ अब्जरभेटरीका पूर्वप्रमुख लाम चिउ यिङले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'रातो रङको चेतावनी जारी गर्ने सीमा स्पष्ट रूपमा धेरै उच्च राखिएको छ। रेकर्ड नै तोड्ने तापक्रमले पनि त्यसलाई सक्रिय गर्न सक्दैन भने यो पसलको झ्याल सजाउन राखिएको प्रदर्शन सामग्री जस्तो भएन र ?' त्यसपछि हङकङको श्रम विभागले अब्जरभेटरीसँग मिलेर चेतावनी प्रणालीको पुनरवलोकन गरिरहेको जनाएको छ।

चीनदेखि उत्तर कोरियासम्म गर्मी

जुलाईमा चीनको पश्चिमी सिन्जियाङ क्षेत्रमा एउटा मौसममापन केन्द्रले ५० डिग्री सेल्सियस तापक्रम रेकर्ड गर्‍यो। देशको उत्तरपूर्वी क्षेत्रमा पनि गर्मीको लहर फैलिएको थियो।

उत्तर कोरियाले पनि राजधानी प्योङयाङमा लगातार उष्ण रात अनुभव गरेको जनाएको छ, जहाँ रातमा तापक्रम २५ डिग्री सेल्सियसभन्दा तल झर्न सकेन।

पुसान नेसनल युनिभर्सिटीकी जलवायु वैज्ञानिक तथा संयुक्त राष्ट्रसंघको पछिल्लो जलवायु मूल्यांकनकी समन्वय प्रमुख लेखक जुन यी लीका अनुसार यस क्षेत्रको गर्मीको लहर वायुमण्डलीय परिसञ्चरणका विभिन्न स्वरूप र बढ्दो विश्वव्यापी तापक्रमको मिश्रणबाट प्रभावित भएको हुन सक्छ। उनका अनुसार तिब्बती पठार र पश्चिमी प्रशान्त क्षेत्रमा उच्च वायुचापको क्षेत्र बलियो हुनु तथा एल निनोले गर्मीका लागि अनुकूल अवस्था सिर्जना गर्न सघाएको हुन सक्छ।

विश्व मौसम संगठनको पछिल्लो 'स्टेट अफ द क्लाइमेट इन एसिया' प्रतिवेदनमा सन् १९९१ देखि २०२५ सम्म एसियामा तापक्रम बढ्ने गति अघिल्ला तीन दशकको तुलनामा करिब दोब्बर रहेको जनाएको छ।

**किसानको मेहनत नष्ट**

दक्षिण कोरियाको राजधानी सिओलबाट करिब २५७ किलोमिटर दक्षिणमा पर्ने ग्वाङजुका तरबुजा किसान हङ क्युङ हीले उच्च मूल्यमा बिक्री हुने फलफूल कुहिएर लतपत भएको बताए। 'भित्र राम्रो थियो, मिठास पनि राम्रो थियो, सबै कुरा ठिक थियो,' उनले खेतबाट प्रसारक संस्था केबिएसलाई भने, 'मेरो ५० वर्षको खेती जीवनमा यस्तो पहिलो पटक भयो।'

दक्षिण जिओला प्रान्तको दम्याङ काउन्टीकी स्ट्रबेरी किसान युन उ हाले तीन महिना लगाएर हुर्काएका बिरुवाहरू गुमाइन्। ती बिरुवामा भएको क्षति बिमाले समेत समेट्दैन।

दक्षिण कोरियाको बाली बिमा योजनाले तोकिएका बाली, खेतीका विधि र क्षेत्रलाई मात्र समेट्छ। बिमाको यो सीमाभन्दा बाहिरको क्षति हुँदा किसान असुरक्षित रहन्छन्। 'जब बिमाले यस्तो क्षति समेट्दैन, यसको भार सिधै किसान परिवारको ऋणमा थपिन्छ,' कोरियाली किसान लिग ग्वाङजु शाखाका प्रमुख ली जुन क्युङले भने।

लीका अनुसार जलवायु तात्दै जाँदा गर्मीको लहर तीव्र हुने छ। उनका अनुसार पहिल्यै भइरहेको जलवायु परिवर्तनसँग जुध्न सुनियोजित अनुकूलनका उपायहरू अपनाउनुका साथै थप विश्वव्यापी तापक्रम वृद्धि सीमित गर्न हरितगृह ग्यास उत्सर्जनमा तीव्र गतिमा ठुलो स्तरको कटौती गर्न जरुरी छ। (गार्जियनबाट साभार )

# साढे ५ महिनापछि फर्किए देउवा

पृष्ठ १ बाट

'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको यो बैठक पार्टीका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री श्री शेरबहादुर देउवा लामो समयको स्वास्थ्य उपचारपछि स्वदेश फर्कनुभएकोमा हार्दिक स्वागत गर्छ। यो बैठक उहाँको पूर्ण स्वास्थ्यलाभको कामना गर्छ।'

नेपाली कांग्रेसको इतिहास निर्माण र लोकतान्त्रिक आन्दोलनमा देउवाको भूमिका र नेतृत्वप्रति बैठकले हार्दिक सम्मान प्रकट गरेको छ। विज्ञप्तिमा लेखिएको छ, 'पार्टी र देशमा विधि र पद्धति स्थापित गर्न लामो संघर्ष गर्नुभएका आदरणीय नेताले विशेष महाधिवेशनमार्फत पार्टीमा आएको वैधानिक परिवर्तनलाई संस्थागत गर्दै समयसापेक्ष र गतिशील नेपाली कांग्रेस निर्माणका लागि निवर्तमान सभापतिका रूपमा अभिभावकीय भूमिका निर्वाह गर्नुहुनेछ भन्नेमा यो बैठक पूर्ण विश्वास व्यक्त गर्छ।'

इतर पक्षले शुक्रबारदेखि काठमाडौंमा भेला बेलाएको छ। भेलालाई देउवाले सम्बोधन गर्ने कार्यक्रम छ।

देउवा विमानस्थलमा उत्रिएकै समयतिर सानेपामा नेपाली कांग्रेस केन्द्रीय समितिको बैठक सुरु भएको थियो। बैठक आइतबारदेखि जारी छ। बिहीबार बैठक सुरु हुनेबित्तिकै सभापति गगन थापाले भनेका थिए, 'निवर्तमान सभापति शेरबहादुर देउवालाई नेपालमा स्वागत छ, उहाँको सुस्वास्थ्यको कामना गर्छु।'

# रोल्पा पहिरोमा १० जनाको मृत्यु

सदरमुकामबाट प्रमुख जिल्ला अधिकारी क्षेत्री, प्रहरी प्रमुख डिएसपी पञ्चकुमार बाखु, नेपाली सेनाका कर्णेल दिपेश खड्का, सशस्त्र प्रहरीका डिएसपी कालिप्रसाद चौधरीसहितको टोली बिहीबार घटनास्थल पुगेको छ। लुम्बिनी प्रदेश प्रहरी प्रमुख डिआइजी भूपेन्द्रबहादुर खत्री र स्वास्थ्यकर्मीको टोली पनि घटनास्थल पुगेको छ।


## श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
## SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**Head Office:** Golbazar MP-7, Chohara (Siraha)
Tel: 033-401045, 401084
Email: info@shrijanshil.com.np
Website: www.shrijanshil.org

## Unaudited Financial Results (Quarterly)
### Condensed Statement of Financial Position
As on Quarter Ended 32 Ashadh 2083

(Rs.In '000')

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Assets | | |
| Cash and Cash Equivalent | 262525.69 | 233443.52 |
| Satutory Balances and due from Nepal Rastra Bank | 17676.25 | 17857.37 |
| Placement with Banks & Financial Institutions | 0 | 0 |
| Derivative Financial Instruments | 0 | 0 |
| Other Trading Assets | 0 | 0 |
| Loan and Advances to MFIs & Cooperatives | 0 | 0 |
| Loans and Advances to Customers | 2,772,867.11 | 2699399.08 |
| Investment Securities | 24.88 | 24.88 |
| Current Tax Assets | 53060.22 | 18060.22 |
| Investment in subsidiaries | 0 | 0 |
| Investment in Associates | 0 | 0 |
| Investment Property | 0 | 0 |
| Property and Equipment | 14924.72 | 14870.25 |
| Goodwill and Intangible assets | 127.27 | 107.95 |
| Deferred Tax Assets | 2174.48 | 2174.48 |
| Other Assets | 37118.04 | 18161.37 |
| **Total Assests** | **3160498.66** | **3004099.12** |
| Liabilities | | |
| Due to Bank and Financial Institutions | | |
| Due to Nepal Rastra Bank | | |
| Derivative Financial Instrument | | |
| Deposits from Customers | 943595.59 | 846902.42 |
| Borrowing | 1699760.81 | 1616013.13 |
| Current Tax Liabilities | 14443.03 | 19322.46 |
| Provisions | | |
| Deferred Tax Liabilities | | |
| Other Liabilities | 187282.09 | 251051.64 |
| Debt Securities Issued | | |
| Subordinated Liabilities | | |
| **Total liabilities** | **2845081.52** | **2733289.65** |
| Equity | | |
| Share capital | 109375.00 | 109375.00 |
| Share premium | | |
| Retained earnings | 96072.69 | 50794.77 |
| Reserves | 109969.45 | 110639.70 |
| **Total equity** | **315417.14** | **270809.47** |
| **Total Liabilities and Equity** | **3160498.66** | **3004099.12** |

### Condensed Statement of Profit and Loss
For the Quarter Ended 32 Ashadh 2083

(Rs. In '000')

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YDT) | This Quarter | Upto this Quarter (YDT) |
| Interest Income | 109184.60 | 374288.31 | 114,994.39 | 364429.54 |
| Interest Expense | 45400.96 | 183524.75 | 52,756.83 | 195584.07 |
| **Net Interest Income** | **63783.64** | **190763.56** | **62237.56** | **168845.47** |
| Fee and Commission Income | 6773.90 | 25606.67 | 6,458.18 | 28,683.64 |
| Fee and Commission Expense | | | | |
| **Net Fee and Commission Income** | **6773.9** | **25606.67** | **6458.18** | **28683.64** |
| **Net Interest, Fee and Commission Income** | **70557.54** | **216370.23** | **68695.74** | **197529.11** |
| Net Trading Income | | | | |
| Other Operating Income | 1271.23 | 3877.86 | 1196.9 | 3346.25 |
| **Total Operating Income** | **71828.77** | **220248.09** | **69892.64** | **200875.36** |
| Impairment charge/(reversal) for loans and other losses | 13190.83 | 49722.50 | 7,040.49 | 20,893.63 |
| Net Operating Income | 58637.94 | 170525.59 | 62852.15 | 179981.73 |
| Operating Expense | | | | |
| Personnel Expenses | 25625.92 | 90664.65 | 24,010.51 | 86,691.63 |
| Other Operating Expenses | 7784.68 | 30118.41 | 7,801.22 | 27,242.12 |
| Depreciation & Amortization | 484.25 | 1599.07 | 488.61 | 1639.78 |
| **Operating Profit** | **24743.09** | **48143.46** | **30551.81** | **64408.20** |
| Non Operating Income | | | | |
| Non Operating Expense | | | | |
| **Profit before Income Tax** | **24743.09** | **48143.46** | **30551.81** | **64408.20** |
| **Income Tax Expense** | | | | |
| Current Tax | 7422.93 | 14443.03 | 9165.54 | 19322.46 |
| Deferred Tax | 0 | 0.00 | 0.00 | 0.00 |
| **Profit for the period** | **17320.16** | **33700.43** | **21386.27** | **45085.74** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YDT) | This Quarter | Upto this Quarter (YDT) |
| Profit for the period | 17320.16 | 33700.43 | 21386.27 | 45085.74 |
| Other Comprehensive income | | | | |
| **Total Comprehensive Income** | **17320.16** | **33700.43** | **21386.27** | **45085.74** |
| Per share income | | | | |
| Basic earnings per share | | 30.83 | | 41.25 |
| Annualized Basic earnings per share | | 30.83 | | 41.25 |
| Diluted earnings per share | | 30.83 | | 41.25 |

### Ratio as per NRB Directive

| Particulars | Current Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YDT) | This Quarter | Upto this Quarter (YDT) |
| Capital Fund to RWA | | 9.99% | | 8.97% |
| Non Performing Loan (NPL) to Total Loan | | 11.48% | | 9.79% |
| Total Loan Loss Provision to total NPL | | 82.28% | | 81.38% |
| Cost of Funds | | 7.10% | | 8.09% |
| Credit to Deposit and Borrowing Ratios | | 324.52% | | 345.00% |
| Base Rate | | 11.93% | | 12.60% |
| Interest Rate Spread | | 5.57% | | 6.87% |

### Condensed Statement of Profit and Loss
For the Quarter Ended 32 Ashadh 2083

(Rs. In '000')

| | |
|---|---|
| Net Profit for the period end Quarter | 33700.43 |
| 1. Appropriations | |
| 1.1 Profit required to be appropriated to : | 7751.10 |
| a. General Reserve | 6740.09 |
| b. Capital Redemtion Reserve | |
| c. Foreign Exchange Fluctuation Fund | |
| d. Corporate Social Responsibility | 337.00 |
| e. Employee Training Fund | |
| f. Client Protection Fund | 674.01 |
| g. Other | |
| **1.2 Profit required to be transferred to Regulatory Reserve** | |
| a. Transfer to Regulatory Reserve | |
| b. Trasnfer from Regulatory Reserve | |
| **Net Profit for the period end available for distribution** | **25949.33** |

**Notes to interim financial statements:**

1. The above figure are subjects to change as per the direction of the regulators and external auditors.
2. The interim financial statrements have been prepared in accordance with Nepal Financial Reporting Staandard (NFRS) as issued by the accounting Standard Board, Nepal and the carve out issued by ICAN.
3. Loan and advance to MFIs are presented as a net amount of impairment allowances and includes staff loans.
4. The previous period's figures have been reclassified, restated, and corrected wherever necessary for comparability and consistent.
5. The interim financial statement has been updated in https://shrijanshil.org.
6. Personnel expenses includes staff bonus allocated as per rule.

| Interest Rate | |
|---|---|
| **1. Deposit 7.5-12 %** | **2.Loan and Advance 13.88 %** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उप नियम (१) संग सम्बन्धित) आ.व.२०८२/०८३ को चौथो त्रैमासिक विवरण

१ **वित्तीय विवरण:**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी बिवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३०।८३ | ४७।९७ | २८८।३८ | ३३७६।८८ | २१।०३ |

२ **व्यवस्थापकीय विश्लेषण:**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
यस वित्तीय संस्थाको कारोवारमा कोरोना महामारीको दीर्घकालिन प्रभाव, आर्थिक मन्दी, बजारमा देखिएको मुल्य वृद्धि र लघुवित्त विरुद्धको संघर्ष समितिका कारणका बाबजुद पनि सस्थाको कारोबार सुचारु रुपमा चलिरहेको छ। लघुवित्त विरुद्ध गतिविधिका कारण कर्जा असुलीमा बाधा श्रृजना गर्ने, कर्जा नतिर्ने कार्यको निरन्तरताका कारण असुलीलाई उचित व्यवस्थापन गर्न चुनौतिपूर्ण रहेको छ। हालको परिस्थितिमा मौज्दात र आम्दानी बढाउने प्रयास भन्दा पनि संस्थालाई हालको परिस्थितिले दूरगामी असर नपरोस भन्नेमा व्यवस्थापन सजग छ। आउँदा दिनमा यस्ता समस्या कम हुदै जाने आशा गरिएको छ।

ख) **आगामी अवधिको व्यवस्थापकीय योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
यस लघुवित्त वित्तीय संस्थाले आगामी अवधिमा सदस्यलाई सन्तुष्टि तथा गुणस्तरिय कर्जा लगानीमा जोड दिई कर्जा विस्तार तथा सदस्यको क्षमता अभिवृद्धि गर्ने, कर्जा असुली सहज बनाउन वित्तीय साक्षरता तथा लघुउधम कार्यक्रम निरन्तर सञ्चालन गर्ने र स्थानीय निकाय तथा समाजका अगुवा संग समन्वय गरी नियमित रुपमा सञ्चालनमा नरहेको केन्द्रहरु संचालन गर्न पहल गर्ने, संघर्ष समितिमा लागेका ग्राहक सदस्यहरुसंग प्रत्यक्ष भेटघाट गरी निजहरुलाई संस्था प्रतिको विश्वास तथा आत्मीयता बढाई कर्जा असुली तथा कर्जा बृद्धिमा जोड दिने योजना रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विबरण:**
देशमा अर्थतन्त्र चलयमान हुन नसकेको र गाउँ गाउँमा विभिन्न समुहहरुबाट लघुवित्त विरुद्ध चलाई रहेको अभिया( नबाट संस्थाको कारोवार तथा नाफामा परेको असरलाई मध्यनजर गरी संस्थाले आफ्ना कर्मचारीहरुको कार्य क्षमतामा अभिवृद्धि गरी ग्राहक सदस्यहरुलाई संस्था प्रति सकारात्मक बनाउने खालका कायक्रमहरु संचालन गर्दै गुणस्तरिय कर्जा लगानी गरी संस्थाको अवस्था र नाफा बढाउने रणनीति लिएको छ।

३ **कानुनी कारवाही सम्बन्धी विवरण:**

क) यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्था उपर कुनै किसिमको मुद्दा दायर भएको छैन।

ख) संगठित संस्थाको कुनै सञ्चालक उपर फौज्दारी मुद्दा चलेको छैन।

ग) संगठित संस्थाको कुनै सञ्चालक उपर मुद्दा चलेको छैन।

४ **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**

क) धित्तोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः
शेयर कारोवार धित्तोपत्र बजारबाट निर्देशित रहने हुँदा यस संस्थाको शेयर कारोवार दोस्रो बजारमा सकारात्मक रहने छ। लगानीकर्ताको यस संस्था प्रतिको विश्वास उच्च रहेकोले भविष्यमा पनि कारोबार साकारात्मकता तर्फ उन्मुख हुने अपेच्छा गरिएको छ।

ख) त्रैमासिक अवधिको शेयर अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोकारको संख्या।

| अधिकतम मूल्य | न्युन्तम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार सेयर कित्ता |
|---|---|---|---|---|---|
| रु.१६२४/- | रु.१४०१/- | रु.१४७९/- | ६४ | ७८८ | २१,९५० |

५ **समस्या तथा चुनौती:**

क) सदस्यको समुह दायित्व प्रतिको उदासीनता।

ख) एउटै सदस्यलाई कर्जाको भार भई कर्जा असुलीमा समस्या भएको।

ग) आर्थिक मन्दीको कारण ग्राहकको कृषि,व्यापार व्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव।

घ) लघुवित्त वित्तीय संस्थाहरु बीच नै अस्वस्थय प्रतिस्पर्धा भईरहेको।

ङ) लघुवित्त वित्तीय सस्था विरुद्धको संघर्ष समितीका कारण नियमित केन्द्र संचालनमा समस्या उत्पन्न भएकोले कर्जा असुलीमा चुनौती हुनु।

६ **संस्थागत सुशासन:**

यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायत निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धित्तोपत्र ऐन, २०६३ तथा आयकर ऐन, २०५८ को पालना गरेको छ। संस्थाले नियमित रुपमा सम्वन्धित निकायमा प्रतिवेदन पेश गरेको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासनिक विनियमावली, कर्जा अपलेखन नीति, सूचना प्रविधि नीति, कर्जा तथा बचत निर्देशिका, आन्तरिक लेखापरिक्षण निर्देशिका लगायत आवश्यक नीति नियमावली तयार गरी कर्यान्वयनमा ल्याईएको छ। संस्थाले आफनो कारोवार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक व्यवस्थापन तथा जोखिम व्यवस्थापनको कार्य प्रभावकारी बनाउन संचालक समिति तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यबस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरि कार्यान्वन्यमा ल्याईएको छ।

७ **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमुखको उद्घोषणा :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरु सत्य तथ्य र पूर्ण छन एवम लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाईएको छैन।

# आधारभूत अस्पताल निर्माणपछि सञ्चालनमा समस्या

विनोद सुवेदी
*विराटनगर, साउन २०*

मोरङका १० वटा पालिकामा निर्माण सुरु गरिएको आधारभूत अस्पतालहरू निर्माण सम्पन्न हुँदै आए पनि सञ्चालनमा समस्या देखिएको छ। अस्पतालको भौतिक पूर्वाधार सम्पन्न भए पनि चिकित्सक, स्वास्थ्यकर्मी, उपकरणलगायतको व्यवस्थापन हुन नसक्दा अधिकांश अस्पताल सञ्चालनमा आउन सकेका छैनन्।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ मंसिर १५ गते देशभरका स्थानीय तहमा एकैसाथ आधारभूत अस्पताल निर्माण अभियान सुरु गरेका थिए। संविधानले सुनिश्चित गरेको आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहसम्म विस्तार गर्ने उद्देश्यले सुरु गरिएको यो महत्त्वाकांक्षी कार्यक्रमअन्तर्गत मोरङका १० स्थानीय तहमा पनि १० र १५ शय्याका आधारभूत अस्पताल निर्माण योजना अघि बढाइएको थियो, तर शिलान्यास भएको पाँच वर्ष बितिसक्दा पनि मोरङका अधिकांश अस्पताल पूर्णरूपमा सञ्चालनमा आउन सकेका छैनन्। कतै भवन निर्माण नै अधुरो छ भने कतै भवन बनेर पनि जनशक्ति, उपकरण र सञ्चालन बजेट अभावका कारण अस्पतालले अपेक्षित सेवा दिन सकेका छैनन्।

मोरङमा आधारभूत अस्पताल निर्माण कार्यक्रमअन्तर्गत बुढीगंगा गाउँपालिका, रतुवामाई नगरपालिका, जहदा गाउँपालिका, मिक्लाजुङ गाउँपालिका, पथरीशनिश्चरे नगरपालिका, धनपालथान गाउँपालिका, ग्रामथान गाउँपालिका, केरावारी गाउँपालिका, कानेपोखरी गाउँपालिका, पथरी शनिश्चरे नगरपालिका र सुनवर्षी नगरपालिकामा निर्माण सुरु गरिएको थियो। यसमध्ये हालसम्म पाँचवटा स्थानिय तहमा अस्पताल निर्माण कार्य सम्पन्न भइसकेको छ। काम सम्पन्न भएका स्थानिय तहमध्ये बुढीगंगा गाउँपालिका र रतुवामाई नगरपालिकाले अस्पताल सञ्चालनमा ल्याएका छन्। अन्य पालिकाले अझै अस्पताल सञ्चालनमा ल्याउन सकेका छैनन्। कतिपय अस्पतालहरूको भौतिक पूर्वाधार तयार भए पनि अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति, उपकरण र व्यवस्थापनको काम बाँकी रहेको ती पालिकाहरूले जानएका छन्। मोरङ बुढीगंगा गाउँपालिकाका सूचना अधिकारी विभुषण न्यौपानेका अनुसार बुढीगंगामा ६ महिना पहिलेदेखि अस्पताल सञ्चालनमा आएको हो। हाल पालिकाले क्रमशः अस्पतालमा उपकरण, प्रविधि, जनशक्ति व्यवस्थापन गर्दै सेवाहरू थप गरिरहेको न्यौपानेले बताए। उनले भने, '६ महिना पहिलेदेखि सञ्चालनमा आएको अस्पतालमा क्रमशः सेवा विस्तार गर्दै लगेका छौं।' यस्तै मोरङको रतुवामाई नगरपालिकाले पनि एक महिना पहिल्यैदेखि आधारभूत अस्पताल सञ्चालनमा ल्याएको नगरपालिकाका स्वास्थ्य संयोजक सन्तोषकुमार साहले जानकारी दिए। उनका अनुसार हाल अस्पतालमा दुईजना मेडिकल अफिसर, एकजना एमडीले सेवा दिइरहेका छन्। अस्पताल पूर्णरूपमा सञ्चालनमा आउन समय लाग्ने उनले बताए।

यता जहदा गाउँपालिकाले भने अस्पतालको भौतिक संरचना निर्माण सम्पन्न गरे पनि हालसम्म अस्पताल सञ्चालनमा ल्याउन सकेको छैन। जहदा गाउँपालिकाका सूचना अधिकारी गजेन्द्र भुजेलका अनुसार गत वर्ष नै भवन निर्माण सम्पन्न भए पनि जनशक्ति व्यवस्थापन, उपकरणलगायत व्यवस्थापन हुन नसक्दा अस्पताल सञ्चालनमा आउन सकेको छैन। मिक्लाजुङ गाउँपालिकामा पनि अस्पतालको भौतिक पूर्वाधार निर्माण सम्पन्न भइसकेको छ, तर ठेकदारले अस्पताल पालिकालाई हस्तान्तरण गरिनसकेका कारण सञ्चालन नभएको पालिकाका सूचना अधिकारी चिन्तामणि पोखरेलले जानकारी दिए। मोरङका अन्य पालिकामा १५ बेडको अस्पताल निर्माण भए पनि मिक्लाजुङमा भने १० वेडको अस्पताल निर्माण गरिएको छ। अस्पताल आठ करोड ५८ लाख रुपैयाँको लागतमा निर्माण भएको मिक्लाजुङ गाउँपालिकाका इन्जिनियर दीपकराज क्षेत्रीले बताए।

> मोरङका अन्य पालिकामा १५ वेडको अस्पताल निर्माण भए पनि मिक्लाजुङमा भने १० वेडको अस्पताल निर्माण गरिएको छ। अस्पताल आठ करोड ५८ लाख रुपैयाँको लागतमा निर्माण भएको छ।

यस्तै पथरीशनिश्चरे नगरपालिकामा पनि १२ करोड रुपैयाँ लगानीमा अस्पताल भवन निर्माण सम्पन्न भइसकेको छ, तर आवश्यक जनशक्ति, उपकरणलगायतको व्यवस्थापन भइनसकेका कारण अस्पताल सञ्चालनमा आउन नसकेको पथरीशनिश्चरे गाउँपालिकाका सूचना अधिकारी हसात अली नेपालले जानकारी दिए। यस्तै ग्रामथान गाउँपालिकामा अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको पालिकाका सूचना अधिकारी नारायण चौधरीले जानकारी दिए। चौधरीका अनुसार २१ करोड रुपैयाँ लागतमा १५ बेडको अस्पताल निर्माण अन्तिमचरणमा पुगेको हो। कानेपोखरी गाउँपालिकामा पनि आधारभूत अस्पताल निर्माण अन्तिम चरणमा पुगेको छ। ११ करोड रुपैयाँ लागतमा निर्माण भइरहेको अस्पताल ६० प्रतिशत काम सम्पन्न भएको कानेपोखरी गाउँपालिकाका इन्जिनियर दीपक गुरागाईले जानकारी दिए। केरावारी गाउँपालिकामा भने अस्पताल निर्माणका क्रममा जग्गा अभावका कारण निर्माणमा ढिलाइ भए पनि गत वर्षदेखि जग्गा उपलब्ध भइसकेका कारण धमाधम निर्माण काम भइरहेको स्वास्थ्य अधिकृत टोमप्रसाद चौंलागाईले जानकारी दिए। उनका अनुसार १२ करोड रुपैयाँ लागतमा भवन निर्माण भइरहेको छ। 'नक्सा परिमार्जन र जग्गा अभावका कारण चार वर्षदेखि निर्माण कार्य रोकिए पनि गत आर्थिक वर्षमा जग्गा प्राप्त भएका कारण हाल धमाधम निर्माण भइरहेको छ।'

यता धनपालधान गाउँपालिकामा आधारभूत अस्पताल निर्माण सुरु भए पनि नक्सा परिमार्जन गर्नुपर्ने अवस्था आएकाले हाल काम रोकिएको छ। १९ करोड रुपैयाँ लागत अनुमान गरी निर्माण सुरु गरिए पनि निर्माणकै क्रममा काम रोक्नुपरेपछि हाल अस्पताल निर्माण अलपत्र परेको छ।' यता सुनवर्षी नगरपालिकामा भने बल्ल जग्गाको टुंगो लागेको सूचना अधिकारी युवराज कोइरालाले जानकारी दिए। उनका अनुसार जग्गा टुंगो लागे पनि बजेट सुनिश्चित नहुँदा निर्माण सुरु हुन सकेको छैन।

सरकारले स्थानीय तहमा सामान्य शल्यक्रिया, प्रसूति सेवा, प्रयोगशाला, एक्स-रे, आकस्मिक उपचार तथा भर्ना सेवा उपलब्ध गराउने उद्देश्यसहित अस्पताल निर्माण सुरु गरेको थियो। त्यसबेला संघीय सरकारले भवन निर्माणको बजेट व्यवस्थापन गर्ने र सञ्चालनको जिम्मेवारी स्थानीय तहसँग समन्वय गरी अघि बढाउने योजना सार्वजनिक गरेको थियो, तर निर्माण प्रक्रिया, ठेक्का व्यवस्थापन, बजेट निकासा र प्राविधिक कारणले अधिकांश आयोजना निर्धारित समयमै सम्पन्न हुन सकेनन्। अस्पताल निर्माण कार्यक्रमको मुख्य कमजोरी सञ्चालन व्यवस्थापनमा देखिएको छ।

संघीय सरकारले भवन निर्माणलाई प्राथमिकता दिए पनि अस्पताल सञ्चालनका लागि आवश्यक स्थायी जनशक्ति, उपकरण, औषधि र बजेटको दीर्घकालीन योजना समयमै तयार नगर्दा नागरिकले अपेक्षित सेवा पाउन सकेका छैनन्। फलस्वरूप करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएका भवन पूर्ण उपयोगमा आउन सकेका छैनन्। मोरङका १० पालिकामा निर्माणाधीन आधारभूत अस्पतालहरू पूर्णरूपमा सञ्चालनमा ल्याउन संघ, प्रदेश र स्थानीय सरकारबिच प्रभावकारी समन्वय, पर्याप्त बजेट विनियोजन, दक्ष जनशक्ति र आवश्यक उपकरण व्यवस्थापन अपरिहार्य देखिएको छ।

# देवानगन्ज खुल्यो

इटहरी, साउन २८ (नागरिक)- सुनसरी देवानगन्ज- ३ को कप्तानगन्जमा भएको हिंसात्मक घटनापछि बन्द रहेको गाउँपालिका र वडा कार्यालय १७ दिनपछि बिहीबार खुलेको छ। गाउँपालिका र वडा कार्यालय नियमित सञ्चालनमा आएको पहिलो दिन सेवाग्राहीको जमघट थामिनसक्नु थियो।

साउन १० गते बोलबम जान लागेका युवाले देवानगन्ज- ३ मा मन्दिरमा डिजे ठुलो आवाजमा बजाएको विषयमा दुई युवा समूहबिच भएको झडप बढेर गई उग्र रूप लिएको थियो। त्यसयता गाउँपालिका र वडा कार्यालय बन्द रहेका थिए। 'बिहीबार सेवाग्राहीको थामिनसक्नु चाप भयो। सेवाग्राहीको भिडले कार्यालय समयपछि पनि काम गरियो', गाउँपालिका अध्यक्ष बेचनप्रसाद मेहताले बिहीबार साँझ टेलिफोनमा भने।

देवानगन्जमा गाउँपालिकामा सातवटा वडा कार्यालय छन्। उनका अनुसार सेवा लिनका सबैजना निर्धक्कसाथ आए। 'सेवा लिन सबैजना निर्धक्कसँग कार्यालय आए', उनले भने, 'अब विस्तारै समाजमा पनि सहज बन्दै जाला।' दुई समुदायबिचको असमझदारीलाई पनि अगुवा बसाएर विस्तारै अझै सहज बनाउने याजना भइरहेको उनले बताए। साउन १९ गते मृत्यु भएका १९ वर्षीय रवीन्द्र मेहताको बुधबार दिउँसो दाहसंस्कार भएसँगै बिहीबारदेखि गाउँपालिका र वडा कार्यालय सञ्चालनमा आएका हुन्।

# तीन गाडी स्याउ पक्राउ

जुम्ला, साउन २८ (नागरिक)- जुम्लामा पाक्नुअघि नै टिपेर सुर्खेत र नेपालगञ्ज पठाउन लागिएको तीन सय २१ कार्टुन स्याउ प्रहरीले ६ दिनदेखि रोकेर राखेको छ। तिला गाउँपालिका- १ रारास्थित प्रहरी चौकीमा तीन गाडी स्याउ रोकिएका हुन्। कृषि विकास कार्यालय जुम्लाका अनुसार तातोपानी गाउँपालिकाका ६१ र चन्दननाथ नगरपालिकाका २ सय ६० कार्टुन स्याउ बजार पठाउन लागिएको अवस्थामा नियन्त्रणमा लिइएको हो। स्याउको आकार सानो, दाना हरियो र आवश्यक गुलियोपना नपुगेको पाइएपछि गाडी रोकिएको कार्यालयले जनाएको छ। रिफ्र्याक्टोमिटरबाट परीक्षण गर्दा स्याउमा कम्तीमा ११ प्रतिशत गुलियोपना हुनुपर्ने भए पनि रोकिएको स्याउमा उक्त मापदण्ड पूरा नभएको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले बताए। 'स्याउ पाकेको छैन। रिफ्र्याक्टोमिटरबाट परीक्षण गर्दा कम्तीमा ११ प्रतिशत गुलियोपना आवश्यक हुन्छ', अधिकारीले भने, 'निर्यातका लागि स्थानीय तहका प्राविधिकले सिफारिस पनि दिएका छैनन्। मनपरी रूपमा लैजान लागेको काँचो स्याउ रोकिएको हो।'

उनका अनुसार कृषि प्राविधिकबाट परीक्षण गराई सिफारिस लिएपछि मात्र स्याउ जिल्लाबाहिर लैजान आग्रह गरिएको छ। रोकिएका गाडीमा राखिएको स्याउ एउटै जात र एकैनासको समेत नरहेको उनले बताए।

## नबिल बैंक लिमिटेडको धितो सुरक्षणमा रहेको अचल सम्पत्ति Swiss Challenge Auction Model अर्न्तगत धितो लिलाम बिक्री गरिने सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(मितिः २०८३/०४/२९)

यस बैंक नविल बैंक लिमिटेड (यसपछि बैंक भनिएकोछ) बाट तपसिलमा उल्लिखित ऋणीले यसअघि बिभिन्न शिर्षकमा ऋणकर्जा उपभोग गर्दाका बखत बैंकलाई लेखिदिएको कर्जा तमसुक, कर्जा स्वीकृति पत्र अर्थात् कर्जाको सम्झौता वा करार, कर्जासाग सम्बद्ध शर्तवन्देजहरुको बर्खिलाप तथा उल्लाघन गरी बैंकलाई तोकिएको भाखा अवधिभित्रैमा तिर्नु बुझाउनु पर्ने साँवा किस्ता, ब्याज तथा बैंकले तोकिदिए बमोजिमको जे जो लागेको वा लाग्ने हर्जाना ब्याज समेतको रकमहरु तिर्न बुझाउनका लागि बैंकको तर्फबाट यसअघि पटक-पटक मौखिक एवं लिखित तर-ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसाग भएको ऋणकर्जा सम्वन्धी शर्त कबुलियतहरुको उल्लाघन गरेकोले ऋणी तथा जमानीकर्ताहरुको नामावली समावेश गरी मिति २०८२/११/२० गते प्रकाशित राष्ट्रिय स्तरको दैनिक पत्रिका कारोवार दैनिकमा **"ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना"** मार्फत् बैंकको बाँकी बक्यौता कर्जाको रकम तिर्न बुझाउनकालागि पर्याप्त तथा उचित समय, मौका, अवसर प्रदान गरिंदा समेत सो सुचना बमोजिम ऋणी तथा जमानतकर्ता कोही कसैले पनि ऋणकर्जाको बाँकी साँवा, ब्याज लगायतको रकम कलमहरु चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता, आलटाल, अटेर, किचलो, धिङ्न्याई गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्योट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको अचल धितो सुरक्षणहरु जहाँ छ, जे छ, जसरी छ, जस्तो अवस्था, स्थिति, हालत र परिमाणमा छ, त्यही अनुसार सोही अवस्था, स्थिति, हालत र परिमाणमा तथा पछि यस बैंक तथा यसका पदाधिकारीहरु लगायत उपर कुनै पनि कानुनी, प्रशासनीक लगायतका बिषयमा कुनै पनि हक, दावी, जिकिर गर्न नमिल्ने शर्त तथा आधारमा Swiss Challenge Model को माध्यमबाट तथा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (१) एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा धितो लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

ऋणीले बैंकलाई लेखिदिएको तपसिलको धितो सुरक्षणहरु Swiss Challenge Model को माध्यमबाट खरिद गरिलिनकालागि तपसिलमा उल्लिखितका ब्यक्ति/संस्थाले तपसिल बमोजिमको दरभाउमा खरिद गरिलिनकालागि मूल बोलकवोलकर्ताको हैसियत्मा रही स्वतःस्फूर्त (Unsolicited) रुपमा प्रस्ताव पेश गर्नु भएको ब्यहोरा सम्बन्धित सबैलाई यसै सार्वजनिक प्रस्ताव मार्फत् निज मूल बोलकवोलकर्ताले पेश गर्नु भएको तपसिलको खरिद प्रस्ताव भन्दा बढीको रकममा तपसिलका सम्पत्तिहरु खरिद गरिलिन ईच्छुक तथा मन्जुर गर्नुहुने प्रतिस्पर्धी बोलकवोलकर्ताहरुले प्रतिस्पर्धी प्रस्ताव (Counter-Proposal) यो सूचना प्रकाशित भएका ७ दिन वा सो दिन बिदा परेमा बिदा वा बन्द, हड्ताल वा कर्फ्यू लागेमा सो पश्चात लगत्तै कार्यालय खुलेको दिनमा कार्यालय समयभित्र आफुले खरिद गर्न कवोल गरेको रकम उल्लेख गरी तपसिलको शर्तवन्देजहरुको अधिनमा रही प्रतिस्पर्धी बोलपत्र रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा ब्यक्तिगत तथा संस्थागत जमानतकर्ता तथा सम्बद्ध ब्यक्ति समेतले सम्पत्तिहरुको धितो लिलाम बिक्री हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण ऋणकर्जाको बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा चुक्ता भुक्तान गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। उपरोक्त प्रस्तावपत्र यो सुचना प्रकाशित भएको मितिले ७ दिनमा बैंकको कर्जा असुली विभाग बैंकको प्रतिनिधि, मुख्य बोलकवोला वा निजको प्रतिनिधि उपस्थित् हुनु भएकोमा निजहरु तथा सो दिन तत्काल उपस्थित् सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने हुँदा सो दिनमा ऋणी, धितो जमानतकर्ता, बोलपत्रवाला वा निजहरुको प्रतिनिधिहरुको उपस्थितिकोलागि अनुरोध गर्दछौं। तर, सो दिनमा बोलपत्रवाला, ऋणी, धितो जमानतकर्ता वा सरकारी कार्यालयका प्रतिनिधिहरुको उपस्थिति नभएको कारणले मात्र बोलपत्र खोल्न कानुनी वा प्रशासनीक वा अन्य कुनै पनि कारणले कुनै बाधा, अड्चन वा अप्ठ्यारो पुगेको मानिने छैन र बैंकको प्रतिनिधिहरुको उपस्थिति मात्रमा पनि सो बोलपत्र खोली आवश्यक प्रकृया अगाडि बढाउन, निर्णय गर्न वा अन्य बिषयमा थप कारवाही गर्न सकिनेछ। प्रस्तुत् लिलाम बिक्री प्रक्रियाबाट बिक्रि गर्न बैंकलाई उचित नलागेमा वा चित्त नबुझेमा वा बैंक सन्तुष्ठ नभएमा वा धितोमा रहेको तपसिलको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले धितो गैह्र-बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बांकी लेना रकम असुल उपर गरिने ब्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

| Swiss Challenge Auction Model को माध्यमबाट खरिद गरिलिनकालागि लिनकालागि मूल बोलकवोलकर्ताले कवोल गरी बैंकलाई प्रस्ताव गरेको रकम | Swiss Challenge Model को माध्यमबाट खरिद गरिलिनकालागि कवोल गरेको धितो को विवरण |
|---|---|
| २,३७,५०,००० | १. **चन्द्र आले मगर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३३ नक्सा सिट नं १०२११०५०८ मा अवस्थित कि.नं. ३१३३ को क्षेत्रफल ६५.५७ वर्गमिटर भएको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। |
| २,०६,००,००० | २. **प्रमानन्द कुमार देव**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला महांकाल गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. १०२०९४७१३ अवस्थित कि.नं. ५४ को क्षेत्रफल १२८.०० वर्ग मिटर भएको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरुः-**

१. प्रतिस्पर्धी बोलकवोलवालाले आफुले पेश गर्ने प्रतिस्पर्धी प्रस्ताव पेश गर्दा बैंकले तयार पारेको वा विकास गरेको प्रतिस्पर्धी बोलपत्र फारामको शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, विजुलीबजार, काठमाडौंबाट कार्यालय समय भित्र रु १,०००/- शुल्क तिरी प्राप्त गर्न सकिनेछ।

२. प्रतिस्पर्धी बोलकवोलवालाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् मिति २०८३/०५/०४ गते ५:०० बजेभित्र यस बैंकको **केन्द्रिय कार्यालय कर्जा असुली विभाग, विजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त प्रतिस्पर्धी प्रस्तावपत्रहरु मूल प्रस्तावकर्ता मिति २०८३/०५/०५ गते ३:०० बजे बैंकको **केन्द्रिय कार्यालय कर्जा असुली विभाग, विजुलीबजार, काठमाडौं**मा बोलपत्रवाला, निजको प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर, उक्त दिनमा बोलपत्रवाला, निजको प्रतिनिधि वा सरकारी प्रतिनिधिको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा, अड्चन पुगेको मानिने छैन वा पुग्ने छैन।

४. सो प्रस्ताव बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै प्रस्तावपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे खोलिनेछ।

५. Swiss Challenge Model को माध्यमबाट धितो लिलाम गर्न लागिएको सम्पत्ति जहाँ छ, जे छ, जसरी छ, जस्तो अवस्था, स्थिति, हालत र परिमाणमा छ, त्यही अनुसार सोही अवस्था, स्थिति, हालत र परिमाणमा खरिद गर्नु पर्नेछ। साथै, प्रस्तुत् मोडल अनुरुप खरिद गर्न ईच्छुक/मञ्जुरकर्ताले मञ्जुर गरिसकेपछि यस बैंक तथा यसका पदाधिकारीहरु लगायत उपर कुनै पनि कानुनी, प्रशासनीक लगायतका बिषयमा कुनै पनि हक, दावी, जिकिर गर्न नमिल्ने शर्त तथा आधार मा खरिद गरिलिन ईच्छुक प्रतिस्पर्धी कवोलकर्ताले मात्र प्रस्ताव पेश गर्नु पर्नेछ। प्रस्तावपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति रकममा खरिद गर्न बोलकबुल गर्न खोजिएको हो, सो को बारेमा प्रष्ट रुपमा खुलाई मूल कवोलकर्ता पेश गरेको रकम भन्दा बढीको बैंकलाई चित्त बुझ्ने रकमको प्रस्ताव पेश गरेमा मात्र स्वीकारयोग्य हुन सक्नेछ।

५. धितोमा रहेको हकमा जोडिएर रहेको वा अलग्गै रहेको कुनै कित्ता जग्गामा आवत जावत गर्ने बाटोलाई बाधा अवरोध पुऱ्याउने किसिमको ब्यहोरा उल्लेख गरी प्रस्तावपत्र पेश भएमा बैंकलाई स्वीकार्य हुनेछैन। यसमा बैंकले गर्ने निर्णय नै अन्तिम निर्णय हुनेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत सकार गरिलिन सक्नेछ, यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. प्रतिस्पर्धी कवोलकर्ता आफुले सकार गरिलिन चाहेको सम्पत्ति मूल कवोलकर्ताले पेश गरेको रकम भन्दा बढी के कति बढी रकममा खरीद गरी लिन चाहेको हो, सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट्/मेनेजर्स/बैंकर्स चेक वा बैंक जमानत/ वा यस नविल बैंक लि. को नाममा जारी गरिएको गुड फर पेमेण्ट अंकित भएको चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।

७. कुनै अड्डा, अदालतबाट धितो लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ।

८. प्रतिस्पर्धी प्रस्ताव मूल कवोलकर्ताले पेश गरेको प्रस्तावको रकम भन्दा कम हुने गरी प्रस्ताव पेश हुन आएमा स्वतः अमान्य, बदर, खारेज हुनेछ। साथै, प्रतिस्पर्धी कवोलकर्ता चुनौती दिई (Challenge) पेश गरेको प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहेको छ। साथै, रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन र अमान्य हुनेछ।

९. यदि कुनै प्रतिस्पर्धी कवोलकर्ताले मूल कवोलकर्ताको प्रस्तावमा उल्लेखित रकम भन्दा बढीको रकम तपसिलको सम्पत्ति खरिदार्थ प्रतिस्पर्धी प्रस्ताव पेश गरेमा बैंकले सुरुमा मूल कवोलकर्तालाई प्रतिस्पर्धी कवोलकर्ताले पेश गरेको रकम खुलासा गरी जानकारी दिनेछ। यसरी मूल कवोलकर्ताले सो को जानकारी प्राप्ती पछि पुनः आफुले पेश गरेको कवोल गरेको रकममा बृद्दि गरी तथा प्रतिस्पर्धी कवोलकर्ताको रकम भन्दा बढी रकम कवोल गरी तपसिलको सम्पत्ति खरिद गर्न चाहेमा मूल कवोलकर्तालाई (Right to Refusal) दिईनेछ। निजले प्रतिस्पर्धी कवोलकर्ताको अंकित रकमभन्दा बढीको रकम तपसिलको धितो नलिने घोषणा सहितको जानकारी बैंकलाई बढीमा ७ दिनभित्र दिईसक्नु पर्नेछ। यसरी मूल कवोलकर्ताको सो जानकारी बैंकलाई प्राप्त भैसकेपछि दोश्रो प्रतिस्पर्धी कवोलकर्तालाई सो सम्पत्ति खरिद गरिलिने अवसर तथा मौका प्रदान गरिनेछ। तर यसमा स्वीकार, अस्वीकार वा अमान्य घोषणा गर्ने सम्पुर्ण अधिकार बैंकमा निहिति रहेको छ।

१०. सम्बन्धित कवोलकर्ताको नाममा प्रस्ताव स्वीकृत भएमा सो को सूचना सम्बन्धित कबोलकर्तालाई कवोलकर्ताले बैंकमा प्रस्तावपत्र पेश गर्दाका बखत बैंकमा उपलब्ध गराएको ठेगानामा पत्राचार गरी वा ईमेलबाट जानकारी दिईनेछ। यसरी जानकारी पाएको मितिले **१५(पन्ध्र)** दिनभित्रमा सुरुमा बोलपत्र पेश गर्दा बैंकमा जम्मा गरेको धरौटी रकम कट्टी गरी बाँकी रहन आउने जतिको सम्पुर्ण रकम सो अवधिभित्रै बैंकलाई तिरी बुझाई कवोलकर्ताले धितो लिलाम सकार गर्न मञ्जुर, सहमत गरेको चल वा अचल सम्पत्ति आफनो नाममा सम्बन्धित कार्यालयबाट नामसारी दाखिल खारेज गरी गराई लिई सक्नु पर्नेछ। सो अवधिभित्र कवोलकर्ताले बाँकी हुने रकम बैंकमा नबुझाएमा कवोलकर्ताले धरौटी बापत बैंकमा जम्मा गरेको रकम बैंकले यसै प्रस्ताव अर्थात् शर्त वन्देजहरुको आधार प्रमाणमा स्वतः जफत गरी आम्दानीमा बाँधी लिने अधिकार बैंकमा सुरक्षित तथा निहित रहेकोछ। पछि यस सम्बन्धमा बोलपत्रवालाको कुनै उजूर बाजूर, नालेश, निवेदन, जिकिर लाग्ने छैन।

१०. Swiss Challenge Model को माध्यमबाट खरिद गरिलिन चाहेको चल अचल सम्पत्ति जग्गा/घरजग्गाहरु सम्बन्धित निकाय, कार्यालय, अड्डा, अदालतबाट नामसारी दाखिल खारेज गराई लिंदा जे जो लाग्ने सरकारी राजश्व, कर, पूाजिगत लाभकर, दस्तुर लगायतको सम्पूर्ण किसिमका कानुनी, प्रशासनीक लगायतका सम्पुर्ण किसिमका खर्चहरु धितो लिलाम सकार गरिलिने कवोलकर्ता स्वयमले नै तिर्नु व्यहोर्नु पर्नेछ।

११. प्रस्वतावपत्र दाखिल भई सकेपछि प्रस्तावपत्रमा उल्लेखित रकम वा शर्त वन्देजहरुमा कुनै हेरफेर हुने छैन। साथै, प्रस्तावपत्र स्वीकृत, अस्वीकृत वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार, निर्णय, तजविज बैंकमा नै निहित तथा सुरक्षित रहेको छ साथै बोलपत्र सम्बन्धी निर्णयको अन्तिम निर्णय तथा टुंगो नलागेसम्म धरौटी रकम मूल कवोलकर्ता तथा प्रतिस्पर्धी कबोलकर्ता दुवैलाई निर्णय नभए नगरेसम्म फिर्ता दिईने छैन र उक्त धरौटीको रकममा कुनै व्याज प्रदान गरिने छैन। कदाचित् मूल प्रस्ताव वा प्रतिस्पर्धी प्रस्तावको निर्णय गर्न ढिलाई हुन गएको अवस्थामा सो रकममा व्याज रकमको दावी गर्न पाईने छैन।

१२. उपरोक्त प्रस्तावपत्र सदर वा बदर हुनु अगावै सम्बन्धित ऋणीले सम्पूर्ण कर्जाको बक्यौता रकम बैंकलाई तिरे बुझाएमा प्राप्त बोलपत्रहरुलाई यसै सुचनाको आधार प्रमाणमा रद्द तथा अमान्य घोषित् गरी बोलपत्रसाथ सम्बन्धित प्रस्तावकर्ताले बैंकमा पेश गरेको धरौटी बापतको रकम फिर्ता गरिनेछ। यसमा अन्यथा भयो भन्न पाईने छैन।

१३. यस माध्यमबाट लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रिय कार्यालय कर्जा असुली विभाग, विजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्रमा सम्पर्क गरी बुझ्न सकिनेछ।

१४. यस सुचनाको शर्तवन्देजहरुमा बैंकलाई **उपयूक्त लागेमा वा बैंकको आवश्यकता वा जरुरी परेमा** संशोधन, हेरफेर वा परिमार्जन वा खारेज वा अन्त गर्न सक्ने अधिकार बैंकमा निहित रहेको छ।

१४. कवोलकर्ता फर्म/कम्पनी/संघ/संस्था भएकोमा निजको तर्फबाट आधिकारिक सञ्चालक समितिबाट प्रस्तावपत्र के, कति रकममा दाखिला गर्न चाहेको हो, सो तथा तत्सम्बन्धमा अख्यािरप्राप्त ब्यक्तिको नामावली लगायत खरिद चाहेको धितो सुरक्षणको विवरण समेत प्रष्ट उल्लेखत गरी प्रमाणित वा सक्कलै माईन्यूट, कभरिङ्ग लेटर, दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, प्रवन्धपत्र, नियमावली, साझेदारी फर्म भएमा साझेदारीको कवुलियतनामा, विधान, वा सम्बन्धित निकायबाट स्वीकृति चाहिने संघ वा संस्था भएमा सो स्वीकृति वा निर्णय लगायत सम्बद्ध सबै प्रस्तावपत्रसाथ सालग्न राखि दाखिला गर्नु पर्नेछ।

१५. यसमा लेखिएको हकमा यसै बमोजिम हुनेछ र यसमा नलेखिएको वा उल्लेख गर्न छुट भएको कुरा वा बिषयमा यस नविल बैंक लि. ले प्रस्तुत् बिषयमा लिने हरेक निर्णय तथा पत्राचार अन्तिम तथा अकाट्य हुनेछ।

"स्विस च्यालेन्ज (Swiss Challenge) भनेको यस्तो बोलपत्र (bidding) प्रक्रिया हो, जसमा कुनै बोलकर्ता ('मूल बोलकर्ता') ले लीलामीकर्तालाई स्वतःस्फूर्त (unsolicited) रूपमा प्रस्ताव पेश गर्दछ। उक्त प्रस्ताव स्वीकृत भएपछि, लीलामीकर्ताले सो मूल प्रस्तावको विरुद्धमा प्रतिस्पर्धी प्रस्तावहरू माग गर्दछ र मूल प्रस्तावसहित सबै विकल्पहरूमध्ये सबैभन्दा उपयुक्त प्रस्ताव छनोट गर्दछ।"

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# पत्रकार श्रेष्ठ तीन दिन हिरासतमा

नागरिक संवाददाता
*काठमाडौं, साउन २८*

जिल्ला अदालत काठमाडौंले प्रहरीले पक्राउ गरेका 'जनआस्था' साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ। न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजलासले बिहीबार तीन दिन थुनामा राख्न अनुमति दिएको हो। जिल्ला अदालत काठमाडौंमा बिहीबार श्रेष्ठको म्याद थपबारे बहस भएको थियो।

प्रहरीले बुधबार राति श्रेष्ठलाई ललितपुरस्थित उनकै निवासबाट पक्राउ गरी बिहीबार बिहान जनआस्थाको कार्यालयमा छापा मारेको थियो। यस घटनालाई लिएर पत्रकार र पत्रकारसम्बद्ध विभिन्न संघसंस्थाले सरकार र सुरक्षा निकायसँग पत्रकारको संवैधानिक अधिकारको सम्मान गर्न, शान्तिपूर्ण विरोध प्रदर्शनमा हस्तक्षेप नगर्न तथा पत्रकार श्रेष्ठलाई रिहा गर्न माग गरेका छन्। पत्रकारमाथि हुने कुनै पनि प्रकारको धम्की, दबाब, धरपकड वा पक्राउले स्वतन्त्र पत्रकारिताको वातावरण कमजोर बनाउने ती संघसंगठनको भनाइ छ।

**'प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिनुपर्छ'**

सम्पादक श्रेष्ठलाई पक्राउ गर्ने बहानामा पत्रिकाको कार्यालयमा प्रवेश गरी समाचार स्रोतसँग सम्बन्धित सबै सामग्री जफत गरेर कब्जामा लिएको भन्दै नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ। सरकारको यस्तो कदमले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको धज्जी उडाएको महासंघको भनाइ छ। पत्रकार श्रेष्ठ पक्राउको विरोध र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माको नेतृत्वमा बिहीबार जिल्ला प्रहरी परिसर भद्रकालीमा शान्तिपूर्ण धर्ना दिइयो। धर्नामा हस्तक्षेप गर्दै प्रहरीले धरपकड गरेको थियो। सञ्चारगृहमा प्रवेश गरी पत्रकारको स्रोत नष्ट गर्ने प्रयास, पत्रकार श्रेष्ठको पक्राउ तथा पत्रकारमाथि भइरहेको ज्यादती र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपको विरोधमा महासंघको नेतृत्वमा धर्नामा बसेका पत्रकारले बताए। शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गरिरहेका पत्रकारमाथि प्रहरीले गरेको हस्तक्षेपले प्रेस स्वतन्त्रता र नागरिकको मौलिक अधिकारमाथि गम्भीर प्रश्न उठाएको उनीहरूको भनाइ छ।

पत्रकार श्रेष्ठको गिरफ्तारीलाई लिएर पत्रकार महासंघकी अध्यक्ष शर्माले प्रधानमन्त्री बालेन्द्र शाह र गृहमन्त्री सुधन गुरुङको राजीनामा मागेकी छन्। विरोध कार्यक्रममा उनले सरकारले संविधान र लोकतान्त्रिक मूल्यमान्यता मिचेकाले प्रधानमन्त्री र गृहमन्त्रीलाई पदमा बस्ने नैतिक एवं कानुनी अधिकार नरहेको दाबी गरिन्। 'अदालतले समेत समाचारको स्रोत खोतल्न नपाउने संवैधानिक र अन्तर्राष्ट्रिय मान्यता छ,' शर्माले भनिन्, 'तर सरकारले जनआस्थाको कार्यालयमै पुगेर कम्प्युटर, सिपियु र सञ्चारसाधन जफत गरी स्रोत पत्ता लगाउने गैरकानुनी प्रयास गरेको छ।' उनले समाचारप्रति चित्त नबुझे प्रेस काउन्सिल नेपालमार्फत समाधान खोज्ने कानुनी बाटो हुँदाहुँदै प्रहरी प्रशासन प्रयोग गरेर सञ्चारमाध्यममाथि धरपकड गरिएको भन्दै घोर भर्त्सना गरिन्। संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता गरेको अवस्थामा समाचार संकलन तथा प्रकाशनका विषयमा पत्रकारमाथि प्रहरी हस्तक्षेप हुनु आपत्तिजनक भएको उनले बताइन्।

**विरोधमा पत्रकार संघसंगठन**

पत्रकार श्रेष्ठको पक्राउप्रति प्रेस चौतारी नेपाल, प्रेस युनियन, प्रेस सेन्टर नेपाललगायतले पनि आपत्ति जनाएका छन्। चौतारीका अध्यक्ष गणेश पाण्डेले जनआस्था साप्ताहिक तथा जनआस्था डटकममा प्रकाशित समाचारलाई आधार बनाएर श्रेष्ठलाई लक्षित गरी धरपकड, धम्की तथा समाचारको स्रोत खुलाउन बाध्य पार्ने प्रयास भइरहेको दाबी गरेका छन्। यस्तो गतिविधि संविधानले प्रत्याभूत गरेको प्रेस स्वतन्त्रतामाथिको प्रत्यक्ष प्रहार भएको उनको भनाइ छ। प्रेस सेन्टर नेपालले पनि श्रेष्ठ र उनले सम्पादन गर्ने सञ्चारमाध्यमलाई लक्षित गरी दुष्प्रचार, धम्की र षड्यन्त्रपूर्ण गतिविधि भइरहेको भन्दै निष्पक्ष छानबिनको माग गरेको छ।

यसैबिच श्रेष्ठको गिरफ्तारीलाई लिएर विश्व प्रेस काउन्सिल महासंघले चिन्ता व्यक्त गरेको छ। उनलाई तत्काल रिहा गर्न महासंघले माग गरेको छ। महासंघले विज्ञप्ति जारी गर्दै पत्रकारितामा गोपनीयताको सम्मान गर्नुपर्ने र विवादलाई स्थापित पेसागत र कानुनी संयन्त्रमार्फत सम्बोधन गरिनुपर्ने बताएको छ। हिरासतलाई प्रेस नियमन वा न्यायिक प्रक्रियाको विकल्प बनाउन नहुने पनि महासंघको भनाइ छ। समाचार सामग्री प्रकाशन गरेकै आधारमा पत्रकारलाई पक्राउ गर्नु लोकतन्त्र र प्रेस स्वतन्त्रताका लागि घातक हुने पनि बताइएको छ।

**प्रेस स्वतन्त्रताको रक्षा गर्न माग**

राष्ट्रिय सभाको बिहीबारको बैठकमा प्रेस स्वतन्त्रताको विषयमा प्रश्न उठाइएको छ। बैठकको शून्य समयमा सांसद घनश्याम रिजालले सञ्चारगृह र पत्रकारमाथि सरकारले हस्तक्षेप बढाएको आरोप लगाउँदै 'जनआस्था' साप्ताहिका अध्यक्ष तथा पत्रकार श्रेष्ठको गिरफ्तारीप्रति आपत्ति जनाए। उनले प्रेस स्वतन्त्रताको रक्षा गर्न र श्रेष्ठलाई तत्काल रिहा गर्न सरकारसँग माग गरे।

**बन्दीप्रत्यक्षीकरणको रिट दर्ता**

सम्पादक श्रेष्ठलाई प्रहरीले पक्राउ गरी हिरासतमा राखेको विषय सर्वोच्च अदालत पुगेको छ। श्रेष्ठकी पत्नी सरस्वती श्रेष्ठले उनलाई गैरकानुनी रूपमा थुनामा राखिएको दाबी गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गराएकी हुन्।

## सञ्चारमाध्यममाथि दबाब बढाउँदै सरकार

पृष्ठ १ बाट

प्रकाशित र प्रसारित समाचारका विषयमा खोज्ने, सोध्ने र सच्याउने आफ्नै विधि र प्रक्रिया हुन्छन् तर त्यसको बर्खिलाफमा सरकारले पत्रकारलाई पक्राउ गर्ने र सञ्चारगृहमा पनि छापा मार्ने काम गम्भीर चिन्ताको विषय हो। श्रेष्ठ पक्राउको विषयभन्दा पनि सञ्चारगृह र सञ्चार उपकरण नियन्त्रणमा लिने कुरा गम्भीर भएको धेरैको बुझाइ छ।

पत्रकार र पत्रकारिता क्षेत्रले समेत नागरिकको गोपनीयताको हकको पालना गर्नुपर्छ। तर सार्वजनिक जीवनमा रहेका व्यक्तिहरूको गोपनीयताको हक अरूको तुलनामा संकुचित हुन्छ भन्ने विश्वव्यापी मान्यता छ। वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ को दफा २४ मा सार्वजनिक पदाधिकारी र उनीहरूका कामकारबाही वैयक्तिक सूचना नमानिने व्यवस्था छ।

सञ्चारमाध्यममा प्रकाशित विषयवस्तुहरूको अनुगमन गर्न र कानुनविपरीत भेटिए कारबाही गर्न नियमनकारी निकायको रूपमा प्रेस काउन्सिल नेपालको स्थापना भएको छ। प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७(ङ) र (छ) मा प्रेस काउन्सिलले नै सञ्चारमाध्यमका विषयवस्तुहरू छानबिन गर्ने उल्लेख छ। संसद्ले जारी गरेको ऐनले नै प्रेस काउन्सिललाई पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले उजुरी दिएमा आवश्यक कारबाही गर्ने व्यवस्था छ। साथै काउन्सिलले प्रकाशित असामाजिक र आपत्तिजनक विषयका सम्बन्धमा पनि छानबिन गर्ने व्यवस्था छ।

तर कानुनविपरीत हुने क्रियाकलापमा मिडियाले उन्मुक्ति भने पाउँदैन। नेपालको संविधानको धारा १९ मा व्यवस्था गरिएको सञ्चारको हकमा कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेवापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने उपकरण र सञ्चारमाध्यमलाई बन्द, जफत गरिने छैन भन्ने उल्लेख छ। सञ्चारमाध्यमहरूमा प्रकाशित विषयवस्तुले कुनै नागरिकको गोपनीयताको हक हनन गरेको हो कि होइन भन्ने विषय सम्बन्धित विशेषज्ञले मात्रै निर्क्योल गर्न सक्ने मान्यता राखिन्छ। आफ्नो स्रोतको संरक्षण गर्ने अधिकार पत्रकार र सञ्चारगृहलाई हुन्छ। तर सरकारले त्यसविपरित सञ्चारगृह र निवासमा छापा मार्नुले उसको नियत र नियतिमाथि थप प्रश्न उठाएको छ।

आफैंलाई कमजोर सम्झनु सबैभन्दा ठुला पाप हो।
– स्वामी विवेकानन्द

# सुरक्षा निकायलाई कमजोर नबनाऔं

हालै संसदीय समितिमा संघीय सांसदहरू र एक सुरक्षा निकायका प्रमुखबिच भएको प्रश्नोत्तर तथा सवालजवाफले गम्भीर प्रश्न उब्जाएको छ। लोकतान्त्रिक व्यवस्थामा राज्यका जिम्मेवार निकायलाई संसद्ले प्रश्न गर्नु स्वाभाविक हो। सार्वजनिक पदमा रहेका व्यक्तिहरू आफ्ना निर्णय, कामकारबाही र संस्थागत कमजोरीप्रति जवाफदेह हुनैपर्छ। तर प्रश्न गर्ने शैली, भाषाको मर्यादा र प्रश्नको आधारले पनि लोकतान्त्रिक संस्कारको परिचय दिन्छ। संसदीय समितिमा भएको सवालजवाफमा देखिएको तिक्तता र तनावले भने राज्यका महत्त्वपूर्ण संस्थाबिचको सम्बन्ध र परस्पर विश्वासबारे पुनर्विचार गर्नुपर्ने अवस्था देखाएको छ।

नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीले मुलुकका कठिनभन्दा कठिन घडीमा निर्वाह गरेको भूमिका स्मरण गर्नु आवश्यक छ। राजनीतिक संक्रमण, राष्ट्रिय संकट, विभिन्न आन्दोलन, जनविद्रोह र प्राकृतिक विपत्तिका बेला यी सुरक्षा संस्थाहरूले राज्यको उपस्थिति र नागरिकको सुरक्षाका लागि निरन्तर काम गरेका छन्। तिनका काममा कमजोरी नभएका होइनन्। शक्ति दुरुपयोग, मानवअधिकार उल्लंघन, भ्रष्टाचार, दमन वा लापरबाहीका घटना भए त्यसको छानबिन र आलोचना हुनुपर्छ। तर केही कमजोरी वा व्यक्तिको गल्तीलाई सम्पूर्ण संस्थाको योगदानसँग जोडेर हेर्नु न्यायोचित हुँदैन।

देशमा जब संकट आउँछ, राज्यले सबैभन्दा पहिले गुहार्ने संस्थामध्ये सुरक्षा निकाय अग्रपंक्तिमा हुन्छन्। शान्ति-सुरक्षा खलबलिँदा, विपत्ति आउँदा, सीमामा चुनौती उत्पन्न हुँदा वा राज्यको नियमित संयन्त्रमाथि असाधारण दबाब पर्दा सुरक्षाकर्मी नै जोखिम मोलेर अग्रभागमा उभिन्छन्। त्यसैले संकटका बेला उनीहरूको योगदान सम्झिने र सामान्य अवस्थामा उनीहरूमाथि निरन्तर अविश्वास प्रकट गर्ने प्रवृत्ति उचित होइन। राज्यको सुरक्षा संरचना कमजोर पारेर लोकतन्त्र बलियो हुँदैन। गत भदौ २३-२४ गतेको जेनजी आन्दोलनका क्रममा देखिएको हिंसा र त्यसले सिर्जना गरेको सुरक्षा चुनौती यसै सन्दर्भमा हेर्नुपर्ने हुन्छ। उक्त घटनाक्रममा दर्जनौं युवासँगै केही सुरक्षाकर्मीले पनि ज्यान गुमाए। देशका विभिन्न स्थानमा प्रहरी कार्यालय, प्रहरीका सवारीसाधन र सुरक्षाकर्मीका बर्दीसमेत निसाना बने। सुरक्षा संयन्त्रका भौतिक संरचना र सामग्रीमा क्षति पुग्यो। त्यस्तो असाधारण मानसिक दबाब, संस्थागत आघात र भौतिक अभावबिच पनि नेपाल प्रहरी आफ्नो जिम्मेवारीबाट पछि हटेन। त्यस कठिन घडीमा राज्य र नागरिकको सुरक्षाका लागि खटिएका प्रहरीको योगदान यति छिट्टै बिर्सनुहुँदैन।

सुरक्षाकर्मी पनि यही समाजका नागरिक हुन्। उनीहरूसँग पनि भावना, परिवार र जीवनप्रतिको उस्तै मोह हुन्छ। फरक यति हो- कर्तव्यका कारण उनीहरूले संकटको अग्रपंक्तिमा उभिनुपर्छ। त्यसैले उनीहरूबाट गल्ती हुँदा कानुनअनुसार कारबाही हुनुपर्छ तर कर्तव्य निर्वाह गर्दा उनीहरूले भोगेको जोखिम र पीडालाई पनि राज्यले सम्मान गर्नुपर्छ। सुरक्षा निकायलाई हतोत्साही बनाउने वातावरणले अन्ततः राज्यको सुरक्षा क्षमतालाई नै कमजोर बनाउँछ।

> राज्यका निकायलाई कमजोर पारेर राज्य बलियो हुँदैन। सुरक्षा निकायलाई निरंकुश छाडेर पनि लोकतन्त्र बलियो हुँदैन। उपयुक्त बाटो सुरक्षा निकायलाई कानुनको सीमाभित्र अझ जिम्मेवार, पारदर्शी र जनउत्तरदायी बनाउनु तथा उनीहरूको मनोबल र संस्थागत गरिमाको संरक्षण गर्नु नै हो।

यसको अर्थ सुरक्षा निकायलाई प्रश्नभन्दा माथि राखिनुपर्छ भन्ने होइन। लोकतन्त्रमा कुनै पनि संस्था निरंकुश हुन सक्दैन। संसद्, संसदीय समिति, न्यायपालिका, सरकार र नागरिक समाजले सुरक्षा निकायलाई निरन्तर निगरानीमा राख्नुपर्छ। गैरकानुनी बल प्रयोग, भ्रष्टाचार, राजनीतिक प्रभाव, मानवअधिकार उल्लंघन वा अन्य गम्भीर कमजोरीमाथि प्रश्न उठाउनैपर्छ तर प्रश्नको उद्देश्य संस्था भत्काउनु होइन, संस्थालाई अझ जिम्मेवार, पारदर्शी र सक्षम बनाउनु हुनुपर्छ। यहीं संसदीय समितिमा सांसदहरूको भूमिकाको प्रश्न पनि आउँछ। संसदीय समिति राजनीतिक प्रतिशोध, आवेग वा सार्वजनिक प्रदर्शनको थलो होइन। समितिमा बोलाइएका जिम्मेवार निकायका प्रमुखसँग प्रश्न गर्दा सांसदहरूले तथ्य, प्रमाण र कानुनी आधारमा प्रश्न गर्नुपर्छ। गम्भीर आरोप छन् भने तिनको प्रमाण प्रस्तुत गर्नुपर्छ। व्यक्तिगत आक्षेप, उत्तेजक भाषा वा अपमानजनक शैलीले संसदीय मर्यादा उँचो बनाउँदैन। उल्टै प्रश्न गर्ने संस्थाकै विश्वसनीयतामाथि प्रश्न उठ्न सक्छ। त्यसैगरी, सुरक्षा निकायका प्रमुखहरूले पनि संसद् वा संसदीय समितिमा आफूलाई जवाफदेही बनाउन खोजिएको प्रक्रियालाई संस्थाविरुद्धको आक्रमणका रूपमा पनि लिनुहुँदैन।

नेपाल अहिले संस्थागत विश्वास पुनर्निर्माण गर्नुपर्ने चरणमा छ। जनताको राज्यप्रतिको विश्वास कमजोर हुँदा त्यसको असर संसद्, सरकार, प्रशासन, न्यायालय र सुरक्षा संयन्त्र सबैमा पर्छ। यस्तो अवस्थामा राज्यका अंगहरूबिच अविश्वास र टकराव बढाउने होइन, संवैधानिक सीमाभित्र रहेर सहकार्य, संवाद र उत्तरदायित्वको संस्कृति विकास गर्नुपर्छ।

राज्यका निकायलाई कमजोर पारेर राज्य बलियो हुँदैन। सुरक्षा निकायलाई निरंकुश छाडेर पनि लोकतन्त्र बलियो हुँदैन। उपयुक्त बाटो सुरक्षा निकायलाई कानुनको सीमाभित्र अझ जिम्मेवार, पारदर्शी र जनउत्तरदायी बनाउनु तथा उनीहरूको मनोबल र संस्थागत गरिमाको संरक्षण गर्नु नै हो। लोकतन्त्रको शक्ति राज्यका संस्थालाई अपमानित गर्नुमा होइन, तिनलाई उत्तरदायी बनाउँदै अझ सक्षम बनाउनुमा हुन्छ। त्यसैले संसद्ले प्रश्न गरोस्, प्रमाणसहित गरोस्, सुरक्षा निकायले जवाफ देओस्, तथ्य र संयमसहित देओस्। अन्ततः राज्यका सबै संस्था एउटै उद्देश्यका लागि हुन्-व्यक्ति वा संस्थाको विजयका लागि होइन, नागरिकको सुरक्षा, संविधानको संरक्षण र राष्ट्रको हितका लागि।



नम्रता शर्मा

# नारीवाद विष होइन असमानता विष हो

**युवा पुस्ताका महिला र पुरुष दुवैले आफ्नो जीवनमा समानताको अभ्यास गर्न आवश्यक छ । एकअर्कामा निर्भर हुनेभन्दा एकअर्काका परिपूरक भएर अघि बढ्ने सोच विकास गर्नुपर्छ ।**



सरल रूपमा परिभाषित गर्दा नारीवाद भनेको महिला र पुरुषबिच समानताको आधारमा महिलाको अधिकारको वकालत गर्नु हो। तर नारीवादबारे कुरा गर्नेबित्तिकै त्यसप्रति विरोध र यसलाई कुनै खतराका रूपमा हेर्ने प्रवृत्ति अझै विद्यमान छ।

गत अगस्ट ७ मा ललितपुरस्थित बोधिसत्त्व आर्ट ग्यालरीमा इन्टरजेनेरेसनल सिभिक फोरम र साउथ एसिया पिस एक्सन नेटवर्कले आयोजना गरेको 'द योङ एन्ड रेस्टलेस : साउथ एसियाज न्यु पोलिटिकल फोर्स' शीर्षकको अन्तरपुस्ता छलफलमा युवा पुस्ताका जेनेरेसन जेडका सहजकर्ता बालकृष्ण शाहले उमेरले दशकौं फरक रहेका दुई नारीवादी अभियन्ता खुसी कबिर र अस्मिता शाहलाई एउटा प्रश्न गरेपछि बहस तातेको थियो।

बहसको सुरुवात बालकृष्णले नारीवादविरुद्ध भइरहेका विभिन्न तर्क र सामाजिक सञ्जालमा नारीवादलाई 'विषाक्त नारीवाद' अर्थात् 'टक्सिक फेमिनिज्म' भनेर आलोचना गर्नेहरूप्रति उनीहरूको धारणा के हो भन्ने प्रश्नबाट गरेका थिए। प्रश्न गर्नुअघि उनले आफूले यो प्रश्न गर्दा प्रतिक्रिया आउन सक्छ भन्ने थाहा भएको बताएका थिए। एकातिर सात दशक पार गरिसकेकी र अर्कातिर २० वर्षको दशकमा रहेकी दुई नारीवादीसँगको छलफल आफूले सञ्चालन गरिरहेकाले उनीहरूले यस विषयलाई कसरी हेर्छन् भन्ने जान्न चाहेको उनको भनाइ थियो।

बंगलादेशकी मानव अधिकार अभियन्ता खुसी कबिरले नारीवादमा आफूले कुनै विषाक्तता नदेखेको बताइन्। उनका अनुसार नारीवाद भनेको महिलालाई समान मानवका रूपमा अधिकार दिलाउने अभियान हो। तर मानिसहरूले कुनै पनि आन्दोलन र विचारधारामा कट्टरताको अस्तित्वबारे प्रश्न उठाइरहेका छन् भने त्यसलाई पनि गम्भीर रूपमा लिनुपर्ने उनको धारणा थियो। उनले भनिन्, 'सच्चा नारीवादी भएर तपाईं कट्टर हुन सक्नुहुन्न। वास्तवमा कुनै पनि विचारधारा र आन्दोलनमा कट्टरता हुनुहुँदैन।'

अस्मिता शाहले पनि कबिरको भनाइमा सहमति जनाउँदै आफू किशोरावस्थामै नारीवादी बनेको बताइन्। महिला भएकै कारण आफूले धेरै अन्याय भोग्नुपरेपछि आफू नारीवादी बनेको उनको भनाइ थियो। उनले महिलाको अधिकार हासिल गर्नु अझै पनि टाढाको सपनाजस्तो रहेको र ग्रामीण क्षेत्रमा बस्ने महिलाका लागि यो चुनौती अझ ठुलो रहेको बताइन्।

कबिरको धारणा छ, नारीवादबारे कुरा गर्दा एउटा कुरा बुझ्न आवश्यक छ- हरेक मुद्दा नारीवादी मुद्दा हो किनभने कुल जनसंख्याको ५० प्रतिशत महिला छन्। आधा जनसंख्याका आवश्यकता र अधिकारबारे कुरा नगरी लोकतन्त्रलाई बलियो बनाउन सकिँदैन।

पत्रकारिता, सामाजिक अभियान र विकास क्षेत्रमा तीन दशकभन्दा बढी समयको आफ्नै व्यावसायिक अनुभवका आधारमा अहिले मलाई लाग्न थालेको छ- नारीवादप्रति यति धेरै आपत्ति अझै किन छ र मिलेनियल तथा जेनेरेसन जेड पुस्तामा फेरि 'अल्फा मेल' प्रवृत्ति किन देखिन थालेको छ भन्ने विषयमा गहिरो अध्ययन र बहस आवश्यक छ।

यसको कारण विश्वभरको नारीवादी आन्दोलन असफल भएको होइन। यसको कारण पितृसत्ताका जरा र सोच अझै पनि मानिसहरूको मानसिकतामा गहिरोसँग रहेको छ। विशेषगरी राज्य सञ्चालन गर्ने र निर्णय गर्ने तहमा रहेका मानिसहरूको सोचमा यसको प्रभाव अझै देखिन्छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले सुरुवातमै महिलाको सुरक्षित जीवन, प्रजनन अधिकार र महिलासम्बन्धी विभिन्न कार्यक्रमलाई सहयोग गर्दै आएको अमेरिकी सहयोग नियोग (युएसएआइडी) को कोष कटौती गर्नु तथा अफगानिस्तानमा बालिका र महिलाका आधारभूत मानव अधिकारसमेत प्रभावकारी रूपमा खोसिनुले एउटा संकेत दिन्छ। महिलाहरू पुरुषसरह समान छैनन् भन्ने तर्कलाई सही ठहर्‍याउन खोज्ने शक्तिहरू अझै पनि विश्वभर महिलाका अधिकार पूर्ण रूपमा स्थापित हुन नदिने अवस्थामा सफल भइरहेका छन्।

नारीवादले धेरै महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। महिलाको मतदानको अधिकार, स्वास्थ्यमा पहुँच, समान पारिश्रमिक तथा आफूले चाहेको कुनै पनि पेसा अपनाउन महिला पनि समान रूपमा योग्य छन् भन्ने मान्यतालाई स्थापित गर्न नारीवादी आन्दोलनको महत्त्वपूर्ण भूमिका रहेको छ।

उदाहरणका लागि, विश्वभर महिला खेलकुदलाई हेर्ने दृष्टिकोणमा ठुलो असमानता थियो। खेल क्षेत्रमा महिलाले पाउने पारिश्रमिकमा पनि ठुलो विभेद थियो। पूर्ण समानता अझै हासिल हुन बाँकी भए पनि विभिन्न देशमा महिला फुटबल, टेनिस र अन्य खेललाई पुरुषका खेलसरह, कतिपय अवस्थामा पुरुषका खेलभन्दा बढी नै रुचिका साथ हेर्न थालिएको छ। टेनिसका केही प्रतियोगितामा महिला र पुरुषका लागि समान पुरस्कार राशि कायम गरिएको छ भने नारीवादी आन्दोलनले अझ बढी समानताका लागि निरन्तर अभियान चलाइरहेको छ।

> विश्वभर महिला खेलकुदलाई हेर्ने दृष्टिकोणमा ठुलो असमानता थियो। खेल क्षेत्रमा महिलाले पाउने पारिश्रमिकमा पनि ठुलो विभेद थियो। पूर्ण समानता अझै हासिल हुन बाँकी भए पनि विभिन्न देशमा महिला फुटबल, टेनिस र अन्य खेललाई पुरुषका खेलसरह, कतिपय अवस्थामा पुरुषका खेलभन्दा बढी नै रुचिका साथ हेर्न थालिएको छ।

नेपालकै कुरा गर्ने हो भने हामी जन्मिँदा छोरीलाई पैतृक सम्पत्तिमा अधिकार थिएन। विवाहपछि मात्र श्रीमान् र ससुरालीको सम्पत्तिमा अधिकार हुने व्यवस्था थियो। अहिलेको अवस्थामा नेपालमा नारीवादी आन्दोलनको बलियो उपस्थितिका कारण छोराछोरी दुवैलाई पैतृक सम्पत्तिमा समान अधिकार प्राप्त भएको छ। महिलाको आधारभूत आवश्यकतादेखि मानव अधिकारसम्म सुनिश्चित गर्न धेरै कानुन निर्माण र संशोधन भएका छन्। यी अधिकार विश्व मानव अधिकार घोषणापत्रले सुनिश्चित गरेका अधिकारसँग पनि जोडिएका छन्।

दुर्भाग्यवश, कानुन बनेर लागु भइसकेपछि पनि समाजमा पूर्ण स्वीकृति र यस्तो मानसिकता अझै विकास हुन सकेको छैन, जसले हरेक मानिस, चाहे ट्रान्सजेन्डर होस्, महिला होस् वा पुरुष, समान हुन् भन्ने स्वीकार गरोस्।

खुसी कबिरले दिएको उदाहरणलाई हेर्ने हो भने बंगलादेशमा जेनेरेसन जेडले नेतृत्व गरेको आन्दोलन र त्यसपछि भएको निर्वाचनमा एउटा सकारात्मक पक्ष के थियो भने इस्लामिक शक्तिहरू विजयी हुन सकेनन्। तर सबै दलले उठाएका उम्मेदवारलाई हेर्दा महिलाको उम्मेदवारीको अनुपात अत्यन्तै निराशाजनक देखिन्थ्यो।

नेपाल र दक्षिण एसियाका अन्य देशमा अहिले छोरी र छोरालाई पैतृक सम्पत्तिमा समान अधिकार प्राप्त भए पनि अझै पनि कतिपय परिवारमा छोरा नजन्मिए सामाजिक रूपमा अस्वीकार गरिने डरका कारण गर्भवती महिलालाई भ्रूणको लिंग पहिचान गरी छोरी भए गर्भपतन गराउन बाध्य पारिने अवस्था छ।

मैले तालिम सञ्चालन गर्दा लगभग हरेक तालिममा २० वर्षको दशकमा रहेका युवतीहरूले एउटा पीडादायी अनुभव सुनाउँछन्- परिवारमा पहिले नै छोरीहरू भएकाले आफू छोरीका रूपमा जन्मिँदा परिवार खुसी नभएको र आफ्नो जन्मलाई परिवारका सदस्यहरूले निराशाका रूपमा लिएको।

सामाजिक सञ्जाल र मूलधारका सञ्चारमाध्यमलाई नियाल्ने हो भने डिजिटल युगमा महिला पेसाकर्मी र सामान्य महिलाविरुद्धको प्रतिक्रिया र आक्रमण बढिरहेको देखिन्छ। विशेषगरी महिलाले आफ्नो अधिकारका विषयमा आवाज उठाउँदा उनीहरूमाथि गरिने टिप्पणी र लक्षित आक्रमण झन् विषाक्त बन्दै गएको छ। वास्तवमा महिला र अधिकारकर्मीविरुद्धको विषाक्तता अहिले अझ बढेको छ। उपलब्ध तथ्यांकले पनि भौतिक र भर्चुअल दुवै प्रकारका आक्रमणमा महिलाहरू बढी लक्षित हुने गरेको स्पष्ट देखाउँछन्।

अब नारीवादी आन्दोलनले पितृसत्तामा रहेको कट्टरता किन अझै कायम छ र कतिपय अवस्थामा किन बढिरहेको छ भन्ने विषयमा पनि गम्भीर रूपमा समीक्षा गर्न आवश्यक छ। कम्प्युटर र मोबाइलका थुप्रै खेलमा 'माचो' व्यवहार गर्ने पात्रहरूलाई लोकप्रिय बनाइएको छ। मनोरञ्जनको संसारले पनि हतियार, युद्ध र माचो व्यवहारलाई अझै आकर्षक रूपमा प्रस्तुत गरिरहेको छ।

विश्वभर युवाहरूले आफ्ना नेताहरूले देशमा लोकतन्त्र कसरी सुरक्षित गरिरहेका छन् भनेर प्रश्न गर्ने आन्दोलनहरू बढिरहेका बेला युवाहरूले आफ्नै पुस्ताभित्र पनि गम्भीर रूपमा हेर्न आवश्यक छ। आधा जनसंख्या ओगट्ने महिलासहित सबै मानिसका अधिकार सुरक्षित नभएसम्म लोकतन्त्र वास्तवमै बलियो र सुरक्षित हुन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि उनीहरूले गर्नुपर्छ।

कानुन बनेर लागु भइसकेको अवस्थामा पनि छोरीको जन्म अझै किन स्वागतयोग्य हुँदैन ? छोरीहरूलाई आफूले चाहेजति शिक्षा हासिल गर्न दिनुको सट्टा किन अझै धनी परिवारमा विवाह गरिदिने सोच कायम छ ? किन उनीहरूलाई आफ्नै बाबुआमाको सम्पत्तिमा अधिकार प्राप्त गर्नुभन्दा अरूको सम्पत्तिमा निर्भर बनाइन्छ ? किन उनीहरूलाई आफ्नो रुचिअनुसार पेसागत जीवन अघि बढाउन प्रोत्साहित गरिँदैन ? यस्ता प्रश्नहरूको गम्भीर समीक्षा आवश्यक छ।

युवा पुस्ताका महिला र पुरुष दुवैले आफ्नो जीवनमा समानताको अभ्यास गर्न आवश्यक छ। एकअर्कामा निर्भर हुनेभन्दा एकअर्काका परिपूरक भएर अघि बढ्ने सोच विकास गर्नुपर्छ।

बालकृष्ण र अस्मिता शाहजस्ता जेनजी युवाले अन्तरपुस्ता छलफलमा जस्तै यी विषयलाई खुलेर उठाउनुपर्छ। साथै, अब नेपाललाई यस्तो समतामूलक समाजतर्फ अघि बढाउन सुनिश्चित गर्नुपर्छ, जहाँ कुनै पनि छोरी जन्मिँदा परिवार निराश हुनुपर्ने अवस्था नरहोस्।

# लोकतन्त्रको आत्मा



डा. शोभाकर पराजुली

लोकतन्त्रको चर्चा गर्दा हाम्रो ध्यान प्रायः निर्वाचन, संसद्, दल, सरकार र सत्ता परिवर्तनतर्फ जान्छ। यी सबै लोकतन्त्रका आवश्यक अंग हुन् तर लोकतन्त्र यिनै अंगहरूको समष्टि मात्र होइन। शरीरलाई जीवन्त राख्ने आत्माजस्तै लोकतान्त्रिक व्यवस्थालाई जीवन्त, गतिशील र अर्थपूर्ण बनाउने एउटा अदृश्य शक्ति हुन्छ। त्यो शक्ति हो-नागरिक चेतना, नैतिक राजनीतिक नेतृत्व, विधिको शासन, उत्तरदायित्व, न्याय, सहिष्णुता र लोककल्याणको भावना। जहाँ यी मूल्यहरू कमजोर हुन्छन्, त्यहाँ लोकतन्त्रको बाहिरी संरचना कायम रहे पनि त्यसको अन्तरात्मा क्रमशः कमजोर हुँदै जान सक्छ। नेपालले लोकतन्त्रका लागि लामो राजनीतिक यात्रा तय गरेको छ। विभिन्न कालखण्डमा नेपाली जनताले स्वतन्त्रता, अधिकार, प्रतिनिधित्व र सामाजिक न्यायका लागि संघर्ष गरे। ती संघर्षका उपलब्धिहरूले आजको संघीय लोकतान्त्रिक गणतन्त्रको आधार निर्माण गरेका छन्। तर इतिहासले एउटा महत्त्वपूर्ण प्रश्न पनि हाम्रो सामु राखेको छ- राजनीतिक व्यवस्था परिवर्तन भएपछि नागरिकको जीवनमा कति परिवर्तन आयो ? राज्यप्रतिको विश्वास कति बढ्यो ? सार्वजनिक सेवा कति सहज भयो ? न्याय कति सुलभ भयो ? युवाले आफ्नो भविष्य नेपालमै देख्न थाले कि थालेनन् ? लोकतन्त्रको वास्तविक मूल्यांकन यिनै प्रश्नको उत्तरमा हुन्छ।

सरकारको सफलता सत्तामा बसेकाहरूको सुविधा वा राजनीतिक शक्तिबाट होइन, नागरिकको सुख, सुरक्षा, अवसर र समृद्धिबाट मापन हुनुपर्छ। यो विचार नेपालको लोकतान्त्रिक राजनीतिका लागि अत्यन्त महत्त्वपूर्ण छ। सत्ता आफैंमा लक्ष्य होइन। सत्ता जनताको सेवा गर्ने साधन हो। जनताले दिएको मत कुनै व्यक्तिलाई स्थायी अधिकारपत्र होइन, त्यो निश्चित अवधिका लागि दिएको सार्वजनिक विश्वास हो। त्यसैले निर्वाचित नेतृत्वले आफूलाई शासकभन्दा बढी जनसेवकका रूपमा बुझ्नुपर्छ। जनादेशले अधिकार दिन्छ तर त्यही जनादेशले उत्तरदायित्व पनि जन्माउँछ। राजनीतिक नेतृत्वको चरित्र कमजोर भयो भने संस्थाहरू पनि कमजोर हुन सक्छन्। राजनीतिमा लोभ, अहंकार, प्रतिशोध, स्वार्थ र अवसरवाद हावी हुँदा लोकतन्त्रको संस्कार क्षीण हुन्छ। त्यसको विपरीत सत्यनिष्ठा, संयम, संवाद, दूरदृष्टि र उत्तरदायित्वले लोकतन्त्रलाई बलियो बनाउँछ। त्यसैले नेपालको राजनीतिक बहसमा अब केवल कसले नेतृत्व गर्ने ? भन्ने प्रश्न पर्याप्त छैन। कस्तो चरित्र भएको नेतृत्व आवश्यक छ ? भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ।

राज्यचिन्तनको अर्को महत्त वपूर्ण पक्ष हो- राज्यको आर्थिक आधार। बलियो अर्थतन्त्रबिना बलियो राज्य सम्भव हुँदैन। आधुनिक लोकतन्त्रमा पनि राजनीतिक स्थायित्व र आर्थिक समृद्धि एकअर्कासँग गहिरो रूपमा जोडिएका छन्। बेरोजगारी, गरिबी, असमानता र अवसरको अभावले नागरिकमा निराशा जन्माउँछ। निरास नागरिकले लोकतान्त्रिक संस्थामाथि पनि प्रश्न उठाउन सक्छ। नेपालको लोकतन्त्रलाई दिगो बनाउन राजनीतिक अधिकारसँगै आर्थिक अवसर विस्तार गर्नुपर्छ। जलविद्युत्, पर्यटन, कृषि, उद्योग, सूचना प्रविधि, डिजिटल सेवा, उद्यमशीलता र ज्ञानमा आधारित अर्थतन्त्रलाई राष्ट्रिय प्राथमिकतासँग जोड्नुपर्छ। युवालाई रोजगारी र उद्यमको अवसर सिर्जना गर्न नसक्ने राजनीति लामो समयसम्म जनविश्वास कायम राख्न कठिन हुन्छ। लोकतन्त्रको सफलता संसद्को बहसमा मात्र होइन, युवाले आफ्नो भविष्य कहाँ देख्छ भन्ने प्रश्नमा पनि निर्भर हुन्छ।

सूचना प्रविधिको विकाससँगै अर्को चुनौती पनि आएको छ- असत्य सूचनाको तीव्र प्रसार। सामाजिक सञ्जालले प्रत्येक नागरिकलाई अभिव्यक्तिको मञ्च दिएको छ। यो लोकतन्त्रका लागि ठुलो उपलब्धि हो। तर यही माध्यमबाट गलत सूचना, भ्रम, घृणा र कृत्रिम रूपमा सिर्जित सामग्री पनि फैलिन सक्छ। त्यसैले आगामी लोकतन्त्रमा डिजिटल स्वतन्त्रतासँगै डिजिटल उत्तरदायित्व आवश्यक हुनेछ। नागरिकले सूचना पाउने अधिकारसँगै सूचना सत्य हो कि होइन भन्ने विवेक पनि विकास गर्नुपर्छ। प्रविधिले मानव विवेकलाई विस्थापित गर्न हुँदैन। नागरिकको गोपनीयता, मौलिक अधिकार र व्यक्तिगत स्वतन्त्रताको संरक्षण गर्दै प्रविधिको प्रयोग गर्नुपर्छ। भविष्यको लोकतन्त्रमा प्रविधि शक्तिशाली हुनेछ, तर चेतना अझ शक्तिशाली हुनुपर्नेछ।

लोकतन्त्रको अर्को आत्मिक पक्ष असहमतिप्रतिको सम्मान हो। लोकतन्त्रमा सबैले एउटै विचार राख्नुपर्छ भन्ने हुँदैन। बरु फरक विचारलाई सुरक्षित रूपमा व्यक्त गर्न सकिने वातावरण लोकतन्त्रको पहिचान हो। बहुमतले सरकार बनाउन सक्छ, तर अल्पमतको आवाज समाप्त गर्न सक्दैन। सत्तापक्ष र प्रतिपक्षबिच प्रतिस्पर्धा आवश्यक छ तर त्यो प्रतिस्पर्धा राष्ट्रिय हितभन्दा माथि जानुहुँदैन। राजनीतिक असहमति शत्रुता होइन। आलोचना राष्ट्रविरोध होइन। प्रश्न गर्नु अराजकता होइन। लोकतन्त्रमा प्रश्नले सरकारलाई कमजोर बनाउँदैन, बरु सरकारलाई अझ उत्तरदायी बनाउँछ।

नेपालको लोकतन्त्रको अर्को निर्णायक पक्ष युवा पुस्ता हो। नयाँ पुस्ता पुराना नाराले मात्र सन्तुष्ट हुने अवस्थामा छैन। उसले परिणाम खोज्छ। रोजगारी, गुणस्तरीय शिक्षा, स्वास्थ्य, डिजिटल अवसर, उद्यमशीलता, पारदर्शिता र निष्पक्ष प्रतिस्पर्धा उसका प्राथमिकता हुन्। नयाँ पुस्ताले राजनीतिलाई आफ्नो भविष्यसँग जोडेर हेर्छ। त्यसैले युवालाई केवल निर्वाचनका बेला मतदाताका रूपमा सम्झने होइन, नीति निर्माण र नेतृत्व विकासको प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी गराउनुपर्छ। यहाँ दलहरूको भूमिका निर्णायक हुन्छ। दल लोकतन्त्रका माध्यम हुन्। दलहरूभित्रै लोकतान्त्रिक संस्कार बलियो भए राष्ट्रिय लोकतन्त्र पनि बलियो हुन्छ। आन्तरिक बहस, पारदर्शिता, नेतृत्वको उत्तरदायित्व, विचारको सम्मान, नयाँ पुस्ताको सहभागिता र योग्यताको आधारमा जिम्मेवारी वितरणले दलहरूलाई जीवन्त बनाउँछ। दलहरू परिवर्तनको नेतृत्व गर्ने संस्था हुन् भने उनीहरू स्वयं पनि समयसँगै परिवर्तन हुन सक्नुपर्छ।

लोकतन्त्रको आत्मा सामाजिक न्यायसँग पनि जोडिएको छ। राजनीतिक स्वतन्त्रता र आर्थिक अवसरबिच ठुलो दुरी भयो भने लोकतन्त्र अधुरो रहन्छ। नागरिकले मतदान गर्न पाउनु महत्त्वपूर्ण अधिकार हो तर त्यही नागरिकले शिक्षा, स्वास्थ्य, रोजगारी र सम्मानजनक जीवन पाउने अवसर पनि पाउनुपर्छ। लोकतन्त्रले मानिसलाई केवल राजनीतिक रूपमा स्वतन्त्र बनाउने होइन, उसको जीवनमा सम्मान र सम्भावनाको अनुभूति पनि दिनुपर्छ।

लोकतन्त्र र लोककल्याण अलग-अलग विषय होइनन्। लोककल्याण लोकतन्त्रको नैतिक गन्तव्य हो। राज्यले नागरिकलाई सेवा दिन्छ भने त्यो दया होइन, नागरिकको अधिकारको सम्मान हो। सरकारले विकास गर्छ भने त्यो उपकार होइन, जनताबाट प्राप्त स्रोतको जिम्मेवार प्रयोग हो। जनप्रतिनिधिले जनताको कुरा सुन्छ भने त्यो कृपा होइन, जनादेशप्रतिको उत्तरदायित्व हो।

अबको दश वर्ष नेपालका लागि अत्यन्त महत्त्वपूर्ण हुनेछन्। विश्व राजनीति, कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, जलवायु परिवर्तन, नयाँ प्रकारको रोजगारी र विश्वव्यापी आर्थिक प्रतिस्पर्धाले हाम्रो राजनीतिक सोचलाई पनि प्रभावित गर्नेछन्। पुरानो राजनीतिक शैली र नयाँ सामाजिक चेतनाबीचको दुरी बढ्दै गयो भने लोकतन्त्रप्रतिको असन्तुष्टि बढ्न सक्छ। त्यसैले अबको आवश्यकता राजनीतिक पुस्तान्तरणसँगै राजनीतिक संस्कारको पुस्तान्तरण पनि हो। दश वर्षपछि नेपालको लोकतन्त्र कस्तो हुनेछ भन्ने प्रश्नको उत्तर आजका निर्णयमा लुकेको छ। आज हामीले संस्थालाई बलियो बनायौं भने भोलिको लोकतन्त्र बलियो हुनेछ। आज हामीले राजनीतिक नैतिकतालाई प्राथमिकता दियौं भने भोलिको नेतृत्व उत्तरदायी हुनेछ। आज हामीले युवामा विश्वास गर्‍यौं भने भोलिको राजनीति नयाँ ऊर्जाले भरिनेछ। आज हामीले शिक्षा, उत्पादन र प्रविधिमा लगानी गर्‍यौं भने भोलिको लोकतन्त्र आर्थिक रूपमा पनि बलियो हुनेछ।

लोकतन्त्रको आत्मा संसद् भवनमा मात्र हुँदैन। त्यो नागरिकको विवेक, नेतृत्वको चरित्र, न्यायालयको निष्पक्षता, प्रशासनको सेवाभाव, पत्रकारको प्रश्न, युवाको सपना, किसानको श्रम, श्रमिकको सम्मान, राज्यकोषलाई जनताको सम्पत्ति ठान्ने सार्वजनिक नैतिकतामा हुन्छ। लोकतन्त्रको भविष्य केवल नयाँ सरकार बन्ने कुराले निर्धारण गर्दैन। लोकतन्त्रको भविष्य कस्तो राजनीतिक संस्कार निर्माण हुन्छ भन्ने कुराले निर्धारण गर्छ। सत्ता परिवर्तन लोकतन्त्रको सामान्य प्रक्रिया हो तर राजनीतिक चेतना, नैतिकता र शासन संस्कारको परिवर्तन लोकतन्त्रको वास्तविक उपलब्धि हो। जब राजनीति पदभन्दा माथि उठेर सेवा बन्नेछ, नेतृत्व शक्तिभन्दा माथि उठेर उत्तरदायित्व बन्नेछ, नागरिक अधिकारसँगै कर्तव्यको चेतना जाग्नेछ, राज्यको प्रत्येक निर्णयमा जनहित र राष्ट्रहित सर्वोच्च हुनेछ, त्यतिबेला मात्र लोकतन्त्र आफ्नो वास्तविक अर्थमा जीवन्त हुनेछ। लोकतन्त्रको शरीर संविधानले बनाउँछ, संस्था र निर्वाचनले त्यसलाई संरचना दिन्छन् तर त्यसमा प्राण भर्ने काम नागरिक चेतना, राजनीतिक नैतिकता र लोककल्याणको भावनाले गर्छ। यही प्राण नै लोकतन्त्रको आत्मा हो।



# पाँच विश्वविद्यालयमा उपकुलपति छनोट बाँकी

रुबी रौनियार

*काठमाडौं, साउन २८*

सरकारले बाँकी विश्वविद्यालयमा उपकुलपति छनोट प्रक्रिया अघि बढाएको छ। यसअघि प्रधानमन्त्री तथा कुलपति बालेन्द्र शाहले त्रिभुवन विश्वविद्यालयसहित सात विश्वविद्यालयमा उपकुलपति नियुक्त गरिसकेका छन्। पाँचवटामा उपकुलपति नियुक्त हुन बाँकी छ। काठमाडौं विश्वविद्यालयमा उपकुलपति छनोट प्रक्रिया अन्तिम चरणमा छ भने लुम्बिनी बौद्ध विश्वविद्यालयमा उपकुलपति नियुक्ति प्रक्रिया रोकिएको छ।

यसैगरी नेपाल खुला विश्वविद्यालयमा नियुक्ति प्रक्रिया अघि बढिरहेको छ भने विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय उपकुलपतिको नियुक्ति बाँकी छ। मधेस कृषि विश्वविद्यालयमा पदाधिकारी विवाद/रिक्तता कायम छ। काठमाडौं विश्वविद्यालयका लागि १० जनाको 'सर्टलिस्ट' सार्वजनिक भइसकेको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयमा भने ११ आवेदनबाट सातजनाको 'सर्टलिस्ट' बने पनि नियुक्ति प्रक्रिया रोकिएको छ। नेपाल खुला विश्वविद्यालयका लागि शिक्षा मन्त्रालयले उपकुलपति र कुलसचिव नियुक्तिका लागि सिफारिस समिति गठन गरिसकेको छ। योगमाया विश्वविद्यालयमा पनि उपकुलपति र रजिस्ट्रार नियुक्तिका लागि छनोट प्रक्रिया हाल स्थगित छ। सरकारले सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था गर्न बनेको अध्यादेश ल्याएपछि १६ सय हाराहारीमा सार्वजनिक पद रिक्त भएका थिए। शिक्षामन्त्री सस्मित पोखरेलले विश्वविद्यालयमा उपकुलपति नियुक्ति खुला प्रतिस्पर्धाबाट गरिएको र आगामी नियुक्तिमा पनि राजनीतिक दबाब तथा भागबन्डालाई स्थान नदिने बताउँदै आएका छन्। उनका अनुसार विश्वविद्यालयमा 'मेरिटोक्रेसी' कायम गर्ने सरकारको लक्ष्य छ। तर उपकुलपति नियुक्ति मात्रै पर्याप्त छैन। विश्वविद्यालयहरूमा रेक्टर, रजिस्ट्रार र डिनलगायत पदमा नियुक्ति हुन बाँकी छ। मन्त्री पोखरेलले यी नियुक्तिमा राजनीतिक हस्तक्षेप नगर्ने र सम्बन्धित उपकुलपतिलाई आफ्नो समूह छनोट गर्न स्वतन्त्रता दिने बताउँदै आएका छन्।

**प्राज्ञिक परिषद् नहुँदा विद्यार्थी मर्कामा**

त्रिविका विद्यार्थी मदन बिष्टका अनुसार विश्वविद्यालयमा तीन महिनादेखि प्राज्ञिक परिषद् गायब छ। यसले विद्यार्थीको भविष्यमाथि खेलबाड गरिरहेको उनको धारणा छ। 'वैशाख १९ देखि त्रिविमा प्राज्ञिक परिषद् गठन हुन सकेको छैन', विद्यार्थी बिष्टले नागरिकसँग भने, 'पाठ्यक्रम, शैक्षिक प्रमाणपत्र र परीक्षासम्बन्धी सम्पूर्ण शैक्षिक निर्णय गर्ने मुख्य निकाय नहुँदा विद्यार्थीका महत्त्वपूर्ण काम तीन महिनादेखि ठप्प छ।' उनले त्रिवि प्राज्ञिक परिषद् तत्काल गठन गरी विद्यार्थीका शैक्षिक काम सुचारु गर्न सरकारसँग माग गरे।

**अबका चुनौती**

सरकारले शिक्षामा राजनीतिक भागबन्डाको अन्त्य र योग्यताका आधारमा नियुक्ति गर्ने दाबी गरेको छ। सात विश्वविद्यालयका उपकुलपति नियुक्ति त्यस दाबीको पहिलो ठूलो परीक्षण हो। अब विश्वविद्यालयका रेक्टर, रजिस्ट्रार, डिन, अन्य शैक्षिक निकायका पदाधिकारी तथा शिक्षक सेवा आयोगलगायतका नियुक्तिमा सरकारले कस्तो प्रक्रिया अपनाउँछ भन्ने विषयले सरकारको दाबीको वास्तविकता परीक्षण गर्नेछ।

# दलितसँग क्षमायाचना घोषणामा अलमल

ईश्वरी सुवेदी

*काठमाडौं, साउन २८*

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले शासकीय सुधारका एक सय कार्यसूची सार्वजनिक गर्दा एउटा बुँदा थियो- दलित तथा ऐतिहासिक रूपले बहिस्कृत समुदायसँग राज्यको तर्फबाट औपचारिक क्षमायाचना गर्ने प्रतिबद्धता। यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय ध्यान तानेको थियो। नेपालको इतिहासमै पहिलोपटक राज्यसंयन्त्रबाटै भएको संरचनात्मक विभेद, उत्पीडन र अवसरको बञ्चितीकरणलाई सरकारले स्वीकार गर्दै १५ दिनभित्रै क्षमायाचनासहित सुधारमुखी कार्यक्रम ल्याउने घोषणा गरेको थियो, तर त्यो घोषणा भएको लामो समय बितिसक्दा पनि कार्यान्वयन सुस्तै रहेको भन्दै बिहीबार राष्ट्रियसभा बैठकमा प्रश्न उठ्यो।

शासकीय सुधारका सयबुँदे कार्यसूची पारित गर्दा त्यसको पाँचौं बुँदामा दलित तथा बहिस्कृत समुदायसँग माफी माग्ने कुरा उल्लेख भएको र त्यो कहाँ पुग्यो भन्दै राष्ट्रियसभा सांसद भुवनबहादुर सुनारले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमसँग प्रश्न गरेका थिए। जवाफमा मन्त्री गौतमले सरकार आफ्नो प्रतिबद्धतामा दृढ रहेको र नीतिगत तथा कानुनी तयारी अघि बढिसकेको दाबी गरिन्, तर घटनाक्रम नियाल्दा घोषणा र कार्यान्वयनबीचको खाडल स्पष्टै देखिन्छ। कार्यसूची सार्वजनिक भएको साढे चार महिना पुगिसके पनि यसमा कुनै प्रगति देखिँदैन।

राज्यले कुनै समुदायसँग औपचारिक क्षमायाचना माग्नु भनेको केवल नैतिक सहानुभूति मात्र होइन, विज्ञहरूका अनुसार माफी माग्दा मुलुकी ऐन (१९१०) लगायत राज्यका नीति-निर्माणबाटै दलित समुदायमाथि भएको थिचोमिचो र विभेदको जिम्मेवारी राज्यले लिनुपर्ने, सामाजिक रूपमा पछाडि पारिएका नागरिकलाई समान दर्जा र आत्मसम्मान दिनुपर्ने र क्षमासँगै विगतको क्षतिपूर्ति स्वरूप शिक्षा, स्वास्थ्य, भूमि र रोजगारीमा विशेष अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ।

मन्त्री गौतमका अनुसार सरकारले क्षमायाचनालाई कागजी प्रक्रियामा मात्र सीमित नराखी कानुनी र बजेटरी व्यवस्थासँग जोड्ने प्रयासमा छ। संविधानको धारा ४० मा उल्लिखित मौलिक हक कार्यान्वयनका लागि विधेयक तर्जुमा गरी विधान ऐन २०८१ अनुसार विज्ञ समितिमार्फत काम अघि बढाइएको उनको भनाइ छ। पाँच वर्षमुनिका दलित बालबालिकाका लागि तीन अर्ब रुपैयाँ विनियोजन गरिएको छ भने बालपोषण भत्ता दोब्बर गरी मासिक एक हजार रुपैयाँ पुर्‍याइएको सरकारको भनाइ छ।

आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मधेस, कर्णाली र सुदूरपश्चिममा 'नमुना होमस्टे' र १११ स्थानीय तहमा परम्परागत कला सिप प्रवर्द्धन तथा दलित महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने योजना पनि सरकारको छ। भूमिहीन दलित र सुकुम्बासी समस्या आगामी आर्थिक वर्षभित्रै समाधान गर्ने लक्ष्य सरकारले राखेको छ।

सरकारको यी दाबीका बाबजुद स्थलगत यथार्थ भने फरक रहेको विश्लेषकहरूको भनाइ छ। १५ दिनभित्र औपचारिक क्षमायाचना गर्ने भनिएकोमा महिनौं बितिसक्दा पनि न प्रधानमन्त्रीले न त सरकारका अन्य तर्फबाट संसद् वा कुनै औपचारिक समारोहमा क्षमायाचना गरिएको छ। संविधान जारी भएको १० वर्ष पुग्न लाग्दा पनि दलितको मौलिक हक कार्यान्वयनसम्बन्धी पूर्ण ऐन बन्न नसक्नुले नै राज्यको प्राथमिकतामाथि प्रश्न उब्जाउँछ। राष्ट्रिय दलित आयोगले पेस गरेका फास्ट ट्र्याक विशेष इजलास, दलित समुदाय राष्ट्रिय विकास प्राधिकरण र पुर्ख्यौली पेसामा पेटेन्ट अधिकार जस्ता पन्ध्रबुँदे सुझावलाई पूर्णरूपमा अंगीकार गर्ने स्पष्ट 'रोडम्याप' अझै आएको छैन।

सरकारले दलित तथा बहिष्कृत समुदायसँग माफी माग्ने हिम्मत देखाउनु नेपालको सामाजिक-राजनीतिक इतिहासमै एउटा साहसिक र युगान्तकारी सुरुवात थियो, जसले दलित अभियन्तामा आशाको किरण छरेको भए पनि बजेटका खुद्रा कार्यक्रम र मस्यौदाको भाषणमा सीमित भएर यो प्रतिबद्धता अघि बढ्न नसक्ने विश्लेषण छ। औपचारिक रूपमा क्षमायाचना प्रस्ताव पारित गरी राजपत्रमा प्रकाशित नगरेसम्म र आयोगका सुझावअनुसार समानुपातिक प्रतिनिधित्वको कानुनी ग्यारेन्टी नगरेसम्म यो घोषणा गन्तव्यविहीन नारामा सीमित हुने छ।

# Butwal Power Company Limited
## Buddha Nagar, Kathmandu, Nepal

**"UNAUDITED FINANCIAL STATEMENTS FOR THE FOURTH QUARTER, FISCAL YEAR 2082/83 ENDED 32ND ASHADH 2083 (JULY 16, 2026)"**

Figures in NPR'000

| Statement Of Financial Position | This Quarter Ending Ashadh end 2083 | Previous Quarter Ending Chaitra end 2082 | Corresponding Previous Year Quarter Ending Ashadh end 2082 (Audited) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, plant and equipment | 295,727 | 237,459 | 248,443 |
| Capital work-in-progress | 13,307 | 3,559 | - |
| Intangible assets | 1,658,113 | 1,680,711 | 1,745,862 |
| Project work-in-progress | 430,628 | 392,691 | 386,949 |
| Financial assets | 4,348,907 | 4,453,592 | 5,263,793 |
| | | | |
| **Total Non-Current Assets** | **6,746,682** | **6,768,012** | **7,645,047** |
| **Current Assets** | | | |
| Inventories | 86,001 | 55,707 | 58,200 |
| Trade receivables | 93,651 | 73,822 | 79,623 |
| Cash and cash equivalents | 731,224 | 502,425 | 43,142 |
| Other Financial assets | 180,220 | 412,537 | 280,428 |
| Other current assets | 16,618 | 9,709 | 16,106 |
| Current tax assets (net) | 16,657 | 8,056 | 10,565 |
| **Total Current Assets** | **1,124,371** | **1,062,256** | **488,064** |
| **Total Assets** | **7,871,053** | **7,830,268** | **8,133,111** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Equity share capital | 3,409,065 | 3,409,065 | 3,409,065 |
| Other equity | 3,779,562 | 3,761,384 | 3,672,465 |
| **Total Equity** | **7,188,627** | **7,170,449** | **7,081,530** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Grant aid in reserve | 208,056 | 153,460 | 159,327 |
| Financial liabilities | 34,654 | 38,409 | 49,659 |
| Provisions | 77,758 | 110,769 | 196,217 |
| Deferred tax | 185,928 | 183,672 | 163,199 |
| Other non-current liabilities | 16,652 | 17,573 | 16,652 |
| **Total Non-Current Liabilities** | **523,048** | **503,883** | **585,054** |
| **Current Liabilities** | | | |
| Trade payables | 22,983 | 5,317 | 24,353 |
| Other Financial liabilities | 44,595 | 56,469 | 351,230 |
| Provisions | 2,412 | 2,673 | 2,278 |
| Other current liabilities | 89,388 | 91,477 | 88,666 |
| **Total Current Liabilities** | **159,378** | **155,936** | **466,527** |
| **Total Liabilities** | **682,426** | **659,819** | **1,051,581** |
| **Total Equity and Liabilities** | **7,871,053** | **7,830,268** | **8,133,111** |

Figures in NPR'000

| Statement of Profit or Loss and other Comprehensive Income | This Quarter Ending Ashadh end 2083 | Previous Quarter Ending Chaitra end 2082 | Corresponding Previous Year Quarter Ending Ashadh end 2082 (Audited) |
|---|---|---|---|
| Revenue | 801,615 | 622,704 | 733,793 |
| Cost of Sales | | | |
| Generation Expenses | (284,721) | (195,614) | (293,681) |
| Distribution Expenses | (157,035) | (111,157) | (139,071) |
| **Gross profit** | **359,859** | **315,933** | **301,041** |
| Depreciation Being Revenue Portion of Grant Aid | 7,901 | 5,866 | 7,922 |
| Other income | 214,617 | 174,500 | 89,302 |
| Administrative and other operating expenses | (160,381) | (121,559) | (132,234) |
| **Profit from Operation** | **421,996** | **374,740** | **266,031** |
| Finance Income | 5,866 | 3,888 | 14,134 |
| Finance Costs | (13,473) | (12,559) | (12,896) |
| **Profit Before Tax** | **414,389** | **366,069** | **267,269** |
| **Income Tax Expense** | (78,947) | (66,752) | (49,933) |
| Current tax | (48,284) | (44,327) | (44,453) |
| Deferred tax credit/charge | (30,663) | (22,425) | (5,480) |
| **Profit for the year** | **335,442** | **299,317** | **217,336** |
| Other comprehensive gain/(loss) for the year, net of tax | (23,802) | (5,853) | 2,500 |
| Total Comprehensive gain/(loss) for the year, net of tax | **311,640** | **293,464** | **219,836** |

**"FOURTH QUARTER DISCLOSURE AS OF 32ND ASHADH 2083 (16TH JULY 2026) AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION ANNEXURE -14 (Related to Sub Regulation 1 of Regulation 26) "**

**1 FINANCIAL STATEMENTS**

- The financial statements for the fourth quarter have been published as a part of this report.
- Transactions with related parties: Business transactions were conducted with related parties at arm's length in line with section 93 (3.c) of the Company Act. BPC purchased services worth NPR 11,553,643 from Nepal Hydro & Electric Limited and NPR 32,865 from Beltron Trading Pvt. Ltd.. BPC proviced advances of NPR 44,500,000 to Chino Hydro Power Company and NPR 17,000,000 to SCIG International Nepal Hydro Joint Dev. Pvt. Ltd. during the fourth quarter.
- Key Financial Ratios at the end of the quarter;

| Period | Earning per Share (Quarterly) | Net worth per share | Current Ratio (Times) | P/E Ratio (Times) | Return on Assets |
|---|---|---|---|---|---|
| This year quarter end | Rs. 9.84 | Rs. 210.87 | 7.05 | 67.89 | 4.26% |
| Previous quarter end | Rs. 8.78 | Rs. 210.33 | 6.81 | 81.42 | 3.82% |
| Corresponding previous year quarter end | Rs.6.38 | Rs. 207.73 | 1.05 | 150.05 | 2.67% |

**2 MANAGEMENT ANALYSIS**

